# स्थानीय राजपत्र

## सुन्दरहरैंचा नगरपालिका, विराटचोक, मोरङद्वारा प्रकाशित

खण्ड : ९ | सङ्ख्या : ४ | मिति : २०८२ माघ ४

**नगर कार्यपालिकाबाट पारित मिति : २०८२ पुस ३०**

**प्रमाणीकरण मिति : २०८२ माघ ४**

## भाग-२

# सुन्दरहरैँचा नगरपालिकाको बालमैत्री स्थानीय शासन तथा बाल अधिकार संरक्षण कार्यविधि, २०८२

बाल अधिकार सम्बन्धी समग्र पक्ष (बाल बचाउ, बाल संरक्षण, बाल विकास र बाल सहभागिता) को प्रवर्धन गर्न स्थानीय तहमा सुशासन अभिवृद्धि गरी बालबालिकाको सम्मान, प्रवर्धन र संवर्धन गर्दै बालमैत्री स्थानीय तह निर्माण गरी बालबालिकाको सर्वोत्तम हित कायम गर्नका लागि बाल अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, १९८९, नेपालको संविधान, २०७२, बालबालिकासम्बन्धी ऐन, २०७५, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले निर्दिष्ट गरेका बाल अधिकारका सवालहरूलाई कार्यान्वयन गर्न आवश्यक भएकोले स्थानीय सरकार सञ्चालन ऐनको दफा १०२ ले दिएको अधिकार प्रयोग गरी तयार गरिएको यो कार्यविधि सुन्दरहरैँचा नगरपालिका नगर कार्यपालिकाको मिति २०८२/०९/३० गतेको बैठकबाट पारित गरी सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

# सुन्दरहरैँचा नगरपालिकाको बालमैत्री स्थानीय शासन तथा बाल अधिकार संरक्षण कार्यविधि, २०८२

**प्रस्तावना :**

बाल अधिकार सम्बन्धी समग्र पक्ष (बाल बचाउ, बाल संरक्षण, बाल विकास र बाल सहभागिता) को प्रवर्द्धन गर्न स्थानीय तहमा सुशासन अभिवृद्धि गरी बालबालिकाको सम्मान, प्रवर्द्धन, सम्वर्द्धन गर्दै बालमैत्री स्थानीय तह निर्माण गरी बालबालिकाको सर्वोत्तम हित कायम गर्नका लागि बाल अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, १९८९, नेपालको संविधान, २०७२, बालबालिकासम्बन्धी ऐन, २०७५, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले निर्दिष्ट गरेका बाल अधिकारका सवालहरुलाई कार्यान्वयन गर्न आवश्यक भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी यो कार्यविधि निर्माण गरी सुन्दरहरैँचा नगरपालिका नगर कार्यपालिकाको मिति २०८२।०९।३० गतेको बैठकबाट स्वीकृत गरी लागू गरिएको छ ।

## परिच्छेद-१

## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ :** (१) यस कार्यविधिको नाम सुन्दरहरैँचा नगरपालिकाको बालमैत्री स्थानीय शासन तथा बाल अधिकार संरक्षण कार्यविधि, २०८२ रहेको छ ।

(२) यो कार्यविधि स्थानीय राजपत्रमा प्रकाशन भएपछि लागू हुनेछ ।

**२. परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) “संविधान” भन्नाले नेपालको संविधान, २०७२ लाई सम्झनुपर्छ ।

(ख) “ऐन” भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ सम्झनु पर्छ ।

(ग) ‘‘कार्यविधि’’ भन्नाले सुन्दरहरैँचा नगरपालिकाद्वारा जारी गरिएको बालमैत्री स्थानीय शासन तथा बाल अधिकार संरक्षण कार्यविधि, २०८२ सम्झनु पर्छ ।

(घ) “बालबालिका” भन्नाले १८ वर्ष उमेर ननाघेका व्यक्तीलाई सम्झनुपर्दछ ।

(ङ) “सम्पर्क व्यक्ति (Focal Person)” भन्नाले नगरपालिकाले बालबालिकाको क्षेत्रमा काम गर्न तोकेको व्यक्तिलाई सम्झनु पर्दछ ।

(च)“नगरस्तरीय बाल अधिकार समिति” भन्नाले बालबालिकाको आधारभूत अधिकारहरूको संरक्षण तथा सम्वर्द्धन गर्नका लागि गठन गरिएका नगरपालिकास्तरीय समितिहरूलाई सम्झनु पर्दछ ।

(छ) “वडा बाल अधिकार समिति” भन्नाले बालबालिकाको अधिकारहरूको संरक्षण तथा सम्बर्द्धन गर्नका लागि गठन गरिएका वडास्तरीय समितिलाई सम्झनुपर्दछ ।

(ज) “बालमैत्री स्थानीय शासन” भन्नाले बालअधिकारका चार आयामहरूलाई स्थानीय तहका नीति, संरचना, पद्धति र कार्यप्रकृयामा मूल प्रवाहीकरण गर्ने भन्ने सम्झनुपर्दछ ।

(झ) “बालमैत्री स्थानीय शासन” भन्नाले बाल बचाउ, बाल संरक्षण, बाल विकास र अर्थपूर्ण बाल सहभागिता जस्ता बाल अधिकारका सवाललाई स्थानीय तहको नीति, योजना, संरचना, प्रणाली र कार्य प्रक्रियामा संस्थागत गर्ने शासकीय पद्धतिलाई सम्झनुपर्दछ ।

(ञ) “नगरस्तरीय बालमैत्री स्थानीय शासन समिति” भन्नाले यस बालमैत्री स्थानीय शासन कार्यान्वयन गर्न नगस्तरमा गठन भएको समितिलाई सम्भनुपर्छ ।

(ट) “बालक्लब” भन्नाले विद्यालय तथा समुदायस्तरमा बालबालिकाको सहभागितामा गठन भइ सुन्दरहरैँचा नगरपालिकाको कार्यालयमा अभिलेखीकरण भएर सक्रिय रुपमा सञ्चालनमा रहेका बालक्लबहरूलाई सम्भनु पर्दछ ।

(ठ) “संरक्षक तथा संरक्षक शिक्षक” भन्नाले बालक्लबलाई नियमितरुपमा सञ्चालन तथा व्यवस्थापन गर्ने समुदायको हकमा संरक्षक र विद्यालयको हकमा संरक्षक शिक्षक भन्ने बुभनुपर्दछ ।

(ड) “बालक्लब सञ्जाल” सबै वडाको प्रतिनिधित्व हुने गरी नगरपालिकास्तरमा गठन भएको बालक्लवहरुको सञ्जाल र वडास्तरको सञ्जाललाई सम्भनुपर्दछ ।

(ढ) “गैरसरकारी संस्था” भन्नाले प्रचलित कानून बमोजिम स्थापना भएका र स्थानीय तहसँग समन्वय गरी कार्यसञ्चालन गर्ने गैरनाफामूलक सामाजिक संस्था सम्भनुपर्दछ ।

(ण) “स्थानीय तह” भन्नाले गाउँपालिका, नगरपालिका तथा जिल्ला सभालाई सम्भनु पर्दछ ।

(त) “बाल कोष” भन्नाले बालअधिकारको संरक्षण र सम्वर्द्धन गर्नका लागि नगरपालिकाको कार्यालयमा स्थापना गरिएको बाल कोषलाई सम्भनु पर्दछ ।

(थ) “बालभेला” नगरपालिका वा वडाको योजना तर्जुमा प्रक्रियाका विभिन्न चरणहरुमा बालक्लबका प्रतिनिधिहरूको भेलालाई सम्भनु पर्दछ ।

(द) “नगरपालिका” भन्नाले सुन्दरहरैँचा नगरपालिका सम्भनुपर्छ ।

(ध) “प्रमुख” भन्नाले सुन्दरहरैँचा नगरपालिकाको प्रमुख सम्भनुपर्छ ।

(न) “उपप्रमुख” भन्नाले सुन्दरहरैँचा नगरपालिकाका उपप्रमुख सम्भनुपर्छ ।

(प) “वडा” भन्नाले सुन्दरहरैँचा नगरपालिकाका सबै वडा सम्भनुपर्छ ।

(फ) “वडाध्यक्ष” भन्नाले सुन्दरहरैँचा नगरपालिकाका वडा अध्यक्षलाई सम्भनुपर्छ ।

(ब) “सभा” भन्नाले सुन्दरहरैँचा नगरपालिकाको नगरसभालाई सम्भनुपर्छ ।

(भ) “कार्यपालिका” भन्नाले सुन्दरहरैँचा नगरपालिकाको कार्यपालिकालाई सम्भनुपर्छ ।

**३. कार्यविधि निर्माण गर्ने आधारहरु :** बालबालिका विरुद्ध हुने सबै प्रकारका हानी वा जोखिमहरूबाट बालबालिकाहरूलाई संरक्षण गर्नु बालसंरक्षण हो । अर्को शब्दमा, बालबालिकाको शारीरिक, मानसिक, संवेगात्मक, सामाजिक, नैतिक तथा बौद्धिक विकासमा गम्भीर नकारात्मक असर पर्ने खालका कुनै पनि कार्य वा व्यवहारबाट बालबालिकालाई जोगाउनु नै बालसंरक्षण हो । बालबालिकाविरुद्ध हुने भेदभाव, दुर्व्यवहार, हिंसा (शारीरिक, मानसिक), शोषण (शारीरिक, यौन, श्रम) बेवास्ता र उपेक्षा वा हेलचेर्क्याइँ, अपहरण तथा अन्य हानिकारक अभ्यासहरूले बालबालिकामा तत्कालीन र दीर्घकालीन हानी पुग्दछ जसले गर्दा समृद्ध स्थानीय तह निर्माण गर्न वाधा पुग्दछ । यिनै भेदभावजन्य कार्यहरुलाई सम्बोधन गर्न संयुक्त राष्ट्र संघको बाल अधिकार सम्बन्धि महासन्धि १९८९, नेपालको संविधान २०७२, बालबालिका सम्बन्धि ऐन, २०७५ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को गाउँपालिका र नगरपालिकाको काम कर्तव्य र अधिकार अर्न्तगत बाल संरक्षणका

सवालहरुलाई सम्बोधन गर्ने उल्लेख भएको हुदाँ उल्लेखित अधिकार प्रयोग गर्दै बालमैत्री स्थानीय शासन र बाल अधिकार संरक्षण कार्यविधि निर्माण गरिएको छ ।

**४. उद्देश्य :** सुन्दरहरैँचा नगरपालिकालाई बालमैत्री स्थानीय शासन तथा बालअधिकार संरक्षणसँग सम्बन्धित विषयको पहिचान, योजना तर्जुमा, कार्यान्वयन र प्रभावकारी अनुगमनमा सहयोगी बनाउन र बालसंरक्षण प्रणालीमा सुन्दरहरैँचा नगरपालिका र सबै सरोकारवालाहरुको न्यूनतम समझदारी तथा बुझाईमा एकरूपता आउने विश्वास लिई यो कार्यविधि तयार गरिएको छ । यसका मुख्य उद्देश्यहरु देहाय बमोजिम रहेका छन् ।

(क) सबै समुदायका बालबालिकाको अधिकारको संरक्षण तथा सम्वर्द्धन गर्ने ।

(ख) नगरपालिकाले बाल संरक्षणका लागि उपर्युक्त संयन्त्र निर्माण तथा कार्यक्रमहरूको तर्जुमा गर्न सहयोग पुऱ्याउने ।

(ग) वडा तहबाट हुने बालसंरक्षण सम्बन्धी सेवा प्रवाहमा न्यूनतम समरूपता कायम गर्न योगदान दिने ।

(घ) बालमैत्री स्थानीय शासन प्रवर्द्धन गर्दै विद्यालयहरुमा भयरहित सिकाइ विधिलाई प्रवर्द्धन गर्ने ।

(ङ) बालबालिकामाथि हुने हिंसा, दुर्व्यवहार, हानी र जोखिम न्यूनीकरण गर्ने ।

(च) बालबालिकाको अभिलेख (घटना व्यवस्थापन, सूचना,तथ्याङ्क आदि) व्यवस्थापन गर्ने ।

(छ) बालअधिकार संरक्षण र सम्वर्द्धनका लागि सरकारी, गैरसरकारी र अन्य सरोकारवालाहरूबीच समन्वय, सहकार्य र साझेदारी स्थापना गर्ने ।

(ज) बाल विवाह र बालश्रम लाई अन्त्य गर्ने अभियानमा सघाउ पुर्याउने ।

(झ) बालमैत्री स्थानीय शासन लागू गरी बालमैत्री नगरको रुपमा लागू गर्ने ।

## परिच्छेद-२

## बालमैत्री स्थानीय शासन समिति गठन, बालबालिका शाखा स्थापना

**५. नगरस्तरीय बालमैत्री स्थानीय शासन समिति गठन तथा काम, कर्तव्य र अधिकार :**
बाल बचावट, बाल संरक्षण, बाल विकास र बाल सहभागिताको विषयमा स्थानीय तहको नीति, संरचना, पद्धति र कार्यप्रक्रियामा मूल प्रवाहीकरण गर्नका लागि बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका, २०७८ तथा बालमैत्री स्थानीय शासन घोषणा कार्यविधि २०७९ लाई आधार बनाई नगरपालिकास्तरमा एक बालमैत्री स्थानीय शासन समिति गठन हुनेछ । जसमा निम्नानुसारका सदस्यहरू रहनेछन् ।

| | | |
|---|---|---|
| (क) | नगरप्रमुख, नगरपालिका | संयोजक |
| (ख) | नगर उपप्रमुख | सदस्य |
| (ग) | नगरपालिकाले मनोनयन गरेका कार्यपालिका सदस्यहरु २ दुई जना | सदस्य |
| (घ) | नगरपालिकाका स्वास्थ्य,शिक्षा तथा महिला इकाईका प्रमुखहरु ३ जना | सदस्य |
| (ङ) | गैसस प्रतिनिधि (महिला र बालबालिकाको क्षेत्रमा कार्यरत) १ जना | सदस्य |
| (च) | स्थानीय विद्यालय वा स्वास्थ्य व्यवस्थापन समिति मध्येबाट नगरपालिकाले मनोनयन गरेको प्रतिनिधि (१ जना) | सदस्य |
| (छ) | नगरपालिकामा कार्यरत महिला शिक्षक र महिला स्वास्थ्य | |

स्वयंसेविकामध्येबाट नगरपालिकाले मनोनयन गरेको प्रतिनिधि (२ जना) सदस्य

(ज) नगरपालिकास्तरीय बाल सञ्जालका प्रतिनिधि २ जना (कम्तीमा १ जना बालिका समेत) सदस्य

(झ) नगरपालिका बालअधिकार समितिको प्रतिनिधि (१ जना) सदस्य

(ञ) प्रमुख प्रशासकीय अधिकृत सदस्य-सचिव

नोट : समितिले आवश्यकता अनुसार सम्बन्धित क्षेत्रका विज्ञ तथा संस्थाका प्रतिनिधिहरुलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

**५.१ बालमैत्री स्थानीय शासन समितिको काम, कर्तव्य र अधिकार :**

५.१.१ बालमैत्री स्थानीय शासन सम्बन्धी नीति, निर्देशिका, कार्यविधि तयार गर्ने र यस पद्धतिको प्रवर्द्धन गर्न नगरपालिकालाइ नीतिगत पृष्ठपोषण गर्ने ।

५.१.२ बालमैत्री स्थानीय शासन पद्धतिको प्रवर्द्धन गर्न नगरपालिकास्तरबाट समन्वयकारी भूमिका निर्वाह गर्ने ।

५.१.३ बालवालिकाको क्षेत्रमा कार्यरत राष्ट्रिय एवं अन्तर्राष्ट्रिय गैर सरकारी संघसंस्था तथा तहबीच आवश्यक समन्वय गर्ने गराउने ।

५.१.४ बालमैत्री स्थानीय तह घोषणा गर्न थप सुचकहरु निर्धारण गर्ने र बालमैत्री वडा घोषणा गर्नका लागि वडा समितिलाई सहयोग गर्ने ।

५.१.५ बालमैत्री कार्यक्रम कार्यान्वयनका लागि योजना तर्जुमा प्रक्रियामा बालबालिकाका सवालहरुलाई उठान गर्न पहल गर्ने ।

५.१.६ बालमैत्री नगर निर्माणको लागि नगरस्तरीय बालअधिकार समिति, वडा तथा समुदायस्तरको समितिलाई आवश्यक सुझाव सल्लाह तथा निर्देशनहरु दिने ।

५.१.७ बालमैत्री स्थानीय शासन सम्बन्धी कार्यको अनुगमन र मूल्याङ्कन र समीक्षा गर्ने, गराउने ।

**५.२ नगरपालिकामा महिला/बालबालिका शाखाको स्थापना र जिम्मेवारी :**

५.२.१ नगरपालिकामा महिला तथा बालबालिकाको छुट्टै शाखा स्थापना गरिने छ । महिला तथा बालबालिका शाखा सञ्चालन गर्नको लागि कम्तीमा एक जना कर्मचारीलाई सम्पर्क व्यक्ति तोकिई कार्य जिम्मेवारी दिइनेछ ।

५.२.२ महिला तथा बालबालिका सम्बन्धी नीति तथा कार्यक्रमलाई बालमैत्री बनाउने र यस्ता कार्यक्रमहरुमा बाल सहभागिता सुनिश्चित गर्न सहयोग गर्ने ।

५.२.३ बालमैत्री स्थानीय शासन सम्बन्धी सूचक पुरा गर्न बालमैत्री योजना तर्जुमा र कार्यान्वयन गर्न सधै क्रियाशील हुने ।

५.२.४ बालमैत्री स्थानीय शासन सम्बन्धी भएका क्रियाकलाप तथा प्रगति विवरणको सूचना अद्यावधिक र सम्प्रेषण गर्ने ।

५.२.५ नगरपालिका बाट हुने सेवा प्रवाह पद्धतिलाई बालमैत्री बनाउने । बालक्लवहरुको सुचिकृत गर्ने ।

५.२.६ नगरपालिका तथा वडाका कार्यक्रमहरुमा बाल सहभागिता सुनिश्चित गर्ने ।

५.२.७ बालमैत्री स्थानीय शासनका सूचकहरुको अवस्था विश्लेषण, अनुगमन र प्रमाणिकरण गर्ने ।

५.२.८ बालबालिकाको तथ्याङ्क र सूचनाको अध्यावधिक गर्ने तथा बालबालिका, गाउँपालिका र सरोकारवालाहरूबीच सम्बन्ध र समन्वय विस्तार गर्ने ।

५.२.९ बाल अधिकार समिति तथा बालमैत्री स्थानीय शासन समितिका सदस्यहरु सँग बाल संरक्षक, संरक्षक शिक्षक, बालक्लब, बालक्लब सञ्जालहरूबीच समन्वयकारी भूमिका खेल्ने ।

५.२.१० बालअधिकारमा आधारित सहभागितामूलक विधिबाट बालबालिकासँग सम्बन्धित योजना तर्जुमा, कार्यान्वयन र क्रियाकलापहरूमा सहजीकरण गर्ने ।

५.२.११ योजना तर्जुमा प्रक्रियामा बालभेला गर्न सहयोग गर्ने र वडामा बालमैत्री अभियान सञ्चालन गर्न सहयोग गर्ने ।

**६. नगरपालिकास्तरीय बाल अधिकार समिति गठन तथा काम, कर्तव्य र अधिकार :**

बालसंरक्षणमा पर्याप्त ध्यान सुनिश्चित गर्नको लागि स्थानीय सरकार सञ्चालन ऐनको दफा १४ बमोजिम सुन्दरहरैँचा नगरपालिकाले नगरपालिकास्तरीय बालअधिकार समिति गठन गरी काम, कर्तव्य र अधिकार समेत प्रत्यायोजन गरेको छ ।

**६.१ सुन्दरहरैँचा नगरपालिकास्तरीय बाल अधिकार समिति**

| | |
|---|---|
| (क) नगरपालिकाको उपप्रमुख वा उपप्रमुखले तोकेको कार्यपालिकाको सदस्य | संयोजक |
| (ख) कार्यपालिका सदस्यहरु मध्ये २ जना (१ जना महिला समेत) | सदस्य |
| (ग) शिक्षा तथा स्वास्थ्य शाखा प्रमुख २ जना | सदस्य |
| (घ) बालअधिकारको क्षेत्रमा कार्यरत गैरसरकारी संस्थामध्येबाट १ जना | सदस्य |
| (ङ) नगर शिक्षा समितिबाट १ जना | सदस्य |
| (च) नगरपालिकास्तरीय बालक्लब सञ्जालबाट २ जना बालिका सहित | सदस्य |
| (छ) पिछडिएका समुदाय मध्ये बाट १ जना प्रतिनिधी | सदस्य |
| (ज) नगरपालिकामा रहेको सुरक्षा निकायको प्रमुख | सदस्य |
| (झ) नगरपालिकास्तरीय अपाङ्ग समन्वय समितिका प्रतिनिधी | सदस्य |
| (ञ) महिला ⁄ बालबालिका शाखा हेर्ने सम्पर्क व्यक्ति | सदस्य-सचिव |

नगरपालिकाका नगरप्रमुख यस समितिको संरक्षक रहनेछन् । समितिले आवश्यकता अनुसार सम्बन्धित क्षेत्रका विज्ञ तथा संस्थाका प्रतिनिधिहरुलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ । कम्तिमा महिनामा एक पटक वैठक बस्नेछ ।

**६.२ समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिमको हुनेछ :**

(क) नगरस्तरीय बालमैत्री स्थानीय शासन समितिले गरेका निर्णयहरूलाई कार्यान्वयन गर्ने ।

(ख) वडा बालअधिकार समितिसँग समन्वय गरी सूचकहरूको आधारमा योजना तर्जुमा गरी कार्यान्वयनमा सहजीकरण र अनुगमन गर्ने ।

(ग) नगरपालिकामा विशेष हेरचाह र संरक्षणको आवश्यकता भएका बालबालिका साथै सबै बालकालिकाको तथ्याङ्क संकलन गर्ने, अद्यावधिक गर्ने र नगर बालअधिकार समितिमा पेश गर्ने ।

(घ) नगरपालिकामा बालबालिकाको क्षेत्रमा कार्यरत सरकारी कार्यालय विभिन्न गैसस बालक्लब, वडा बाल अधिकार समिति, निगरानी समिति, मेलमिलाप केन्द्रहरुको अभिलेख तयार गर्दै समन्वय, सहकार्य र साझेदारी गरी बाल अधिकारको सम्बर्द्धनात्मक र संरक्षणात्मक कार्यहरू गर्ने गराउने ।

(ङ) बालबालिकाको क्षेत्रमा स्थानीय आवश्यकता पहिचान गरी संघीय सरकार, प्रदेश सरकार र स्थानीय सरकारका विभिन्न निकायहरू र विकासका साझेदार संस्थासँगको

समन्वयमा समुदायमा आधारित कार्यक्रमहरूको तर्जुमा र कार्यान्वयन गराउन आवश्यक समन्वय गर्ने, बालबालिकासँग सम्बन्धित योजना तर्जुमा, कार्यक्रमको रेखदेख, अनुगमन, मूल्याङ्कन र निरीक्षण गर्ने ।

(च) बाल अधिकारको संरक्षण र सम्बर्द्धनका निमित्त विभिन्न कार्यक्रमहरु सञ्चालन गर्ने।

(छ) नगरपालिकामा भएका सवै संघसंस्थालाई बालबालिकाको क्षेत्रमा कार्य गर्न उत्प्रेरणा, समन्वय र साझेदारी गर्ने । कार्यक्रम सञ्चालन गर्नको लागि आवश्यक परामर्श, सुझाव तथा निर्देशन दिने ।

(ज) बाल अधिकार हनन्का सम्बन्धमा आएका उजुरीहरूलाई सम्बन्धित निकायमा सिफारिस गरी पठाउने एवं समन्वयकारी भूमिका निर्वाह गर्ने ।

(झ) बालबालिकाको निमित्त आकस्मिक सहयोगका लागि कोषको स्थापना गरि प्रभावकारी कार्यान्वयन गर्ने । कोषमा नगरपालिकामा कार्यरत सवै सरोकारवालाहरुलाई सहयोगका लागि अनुरोध गर्ने ।

(ञ) शिक्षा, स्वास्थ्य लगायतका क्षेत्रको वार्षिक योजनामा समेत बालसंरक्षण सम्बन्धी भूमिका (विशेष गरी हिंसा, दुर्व्यवहार, आदिको बारेमा सूचना प्रवाह तथा उजुरी) समावेश गर्न सहजीकरण गर्ने ।

(ट) बाल अधिकार सम्बन्धि दिवश तथा समारोह विभिन्न निकायहरूसँगको समन्वय तथा सहकार्यमा मनाउने ।

(ठ) वडा तथा समुदाय बालअधिकार समितिहरू, बालक्लब सञ्जालहरू, सरोकारवालाहरू र नगरपालिकाबीच समन्वय, सहकार्य र सम्पर्क गर्ने ।

(ड) नगरपालिकामा बालबालिका सम्बन्धी सम्पन्न कार्यक्रम कार्यान्वयनको अनुगमन र प्रगति विवरण तयार गरि नगरस्तरीय बालअधिकार समितिमा पेश गर्ने ।

**७. वडा बाल अधिकार समितिको गठन तथा काम, कर्तव्य र अधिकार :**

(१) वडा बाल अधिकार समिति :

| | |
|---|---|
| (क) वडा अध्यक्ष | संयोजक |
| (ख) वडाका निर्वाचित सदस्यहरू | सदस्य |
| (ग) शिक्षकहरूमध्येबाट २ जना ( १ जना महिला शिक्षक | सदस्य |
| (घ) महिला स्वास्थ्य स्वयंसेविकाहरूमध्येबाट १ जना | सदस्य |
| (ङ) वडामा बालअधिकारको क्षेत्रमा कार्यरत गैरसरकारी संस्थाहरूमध्येबाट १ जना | सदस्य |
| (च) विद्यालय व्यवस्थापन समितिबाट १ जना | सदस्य |
| (छ) वडा बालक्लब सञ्जालबाट कम्तीमा १ बालिका सहित २ जना | सदस्य |
| (ज) आदिवासी, जनजाति, अल्पसंख्यक, दलित तथा पिछडिएका वर्गसमुदायको प्रतिनिधित्व हुने गरी कम्तीमा १ महिलासहित २ जना | सदस्य |
| (झ) वडा अपांग समितिवाट प्रतिनिधी सदस्य १ जना | सदस्य |
| (ञ) समाजसेवीहरु मध्ये वडा समितिले मनोनित १ जना | सदस्य |
| (ट) स्वास्थ्य संस्थाका प्रमुख | सदस्य |
| (ठ) वडा सचिव | सदस्य सचिव |

(२) वडा बाल अधिकार समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिमको हुनेछ :

(क) नगस्तरीय बालमैत्री स्थानीय शासन समिति र बालअधिकार समितिले गरेका नीति, कार्यक्रमलाई कार्यान्वयन गर्ने ।

(ख) वडालाई बालमैत्री घोषणा गर्ने र विभिन्न बालमैत्री अभियान सञ्चालन गर्ने ( जस्तै: बालविवाह मुक्त वडा, शतप्रतिशत जन्मदर्ता, विद्यालय भर्ना, पुर्ण खोप, खुला दिशामुक्त आादि)

(ग)) वडामा बालविवाह, दाइजो लेनदेन, बालश्रम शोषण, बहुविवाह, लैङ्गिक हिंसा, जातीय छुवाछुत, मानव बेचविखन, हानिकारक अभ्यासहरू अन्त्य गर्ने क्रियाकलाप सञ्चालन गर्ने ।

(घ) सम्बन्धित वडामा विशेष हेरचाह र संरक्षणको आवश्यकता भएका बालबालिका तथा सबै बालकालिकाको तथ्याङ्क संकलन गर्ने, अद्यावधिक गर्ने र नगरपालिकामा पेश गर्ने ।

(ङ) वडामा बालबालिकाको क्षेत्रमा कार्यरत सरकारी तथा गैर सरकारी संघ संस्था, बालक्लबहरूसँग आवश्यक समन्वय, सहकार्य र साझेदारी गरी बालअधिकारको संबर्द्धनात्मक र संरक्षणात्मक कार्यहरू गर्ने गराउने ।

(च) बाल अधिकार हनन्का सम्बन्धमा आएका उजुरीहरूलाई सम्बन्धित निकायमा सिफारिश गरी पठाउने एवं समन्वयकारी भूमिका निर्वाह गर्ने ।

(छ) नगरपालिकालाई बालअधिकार प्रवर्द्धनमा प्रभावकारी योजना निर्माणमा मद्दत गर्ने ।

(ज) बालक्लब, वडा बालक्लब सञ्जाल, सरोकारवालाहरू र नगरपालिकाबीच समन्वय र सम्पर्क गर्ने । बाल विवाह विरुद्धका होर्डिङ बोर्डहरु राख्ने ।

(झ) बालबालिका सम्बन्धी कार्यक्रम कार्यान्वयनको प्रगति नगरपालिकास्तरीय बालअधिकार समितिमा पेश गर्ने ।

(ञ) समुदाय तथा विद्यालयस्तरमा बालअधिकार समितिहरू गठन गर्ने तथा नियमन, अनुगमन गर्ने ।

(ट) अशक्त,असहाय तथा अनाथको पालन पोषणको लागि सिफारिस गर्ने । तत्काल बालबालिकालाई सहयोग गर्नुपर्ने अवस्थामा आएमा नगरपालिकामा सिफारिस साथ सहयोगका लागि पठाउने ।

नोट : वडा बाल अधिकार समितिको बैठक मासिक बस्नेछ । समितिको कार्यकाल वडा अध्यक्षको कार्यकाल रहुन्जेल रहनेछ ।

**८. नगर तथा वडा बाल सञ्जालको गठन तथा काम, कर्तव्य र अधिकार :**

नेपालको संविधानको मौलिक हकमा उल्लेख भएको बालबालिकाको सहभागिताको अधिकार तथा नागरिकहरूको संगठन स्वतन्त्रता र शान्तिपूर्ण भेला हुन पाउने अधिकारको व्यवहारिक कार्यान्वयनमा सहयोग पुर्याउन, नेपाल सरकारले कार्यान्वयनमा ल्याएको बालमैत्री स्थानीय शासन रणनीति २०६८ अर्न्तगत १८ वर्ष भन्दा कम उमेरका बालबालिका समेटी बालक्लव गठन गरिनेछ । सवै वडाका बालक्लव सञ्जालको प्रतिनिधित्व हुने गरी नगरस्तरीय बाल सञ्जाल र वडाका सबै बालक्लबका प्रतिनिधिहरुको प्रतिनिधित्व हुने गरी वडास्तरीय बालक्लब सञ्जाल गठन गरिनेछ । बालक्लब सञ्जालमा अध्यक्ष १ जना, उपाध्यक्ष १ जना, सचिब १ जना, सहसचिव १ जना, कोषाध्यक्ष १ जना र सदस्यहरु आवश्यकता अनुसार राख्न सकिनेछ ।

**८.१ बाल क्लब सञ्जालहरूको गठन :**

**८.१.१ बाल सञ्जाल गठन विधि :**

(क) बालक्लबहरू बीच आपसी समन्वय, सहकार्य बढाउन तथा सवालहरूको सामूहिकीकरण गर्ने र एक आपसबाट सिकाइका अवसर सिर्जना गर्न बालक्लब सञ्जाल गठन गर्नुपर्नेछ ।

(ख) बालक्लब सञ्जाल गठन गर्नका लागि नगरपालिका र वडा तहमा बालक्लबहरूका प्रतिनिधिहरूको भेलाको आयोजना गर्नुपर्नेछ ।

(ग) यस्तो भेलामा सञ्जालले समेट्ने क्षेत्रका (समुदाय, विद्यालय तथा विषयगत) बालक्लबहरूलाई भेलाको मितिभन्दा ७ दिन अगावै सूचना प्रदान गर्नुपर्दछ । सुचनामा भेलाको मिति, समय र स्थान, भेलामा छलफल हुने विषयहरू, भेलामा आमन्त्रण गरिएको प्रत्येक बालक्लबहरूको प्रतिनिधि संख्या जातजाति, लिङ्ग समेतको जानकारी गराउनुपर्दछ ।

(घ) बाल क्लव तथा सञ्जालको नेतृत्व चयनका सन्दर्भमा बालबालिकामाझ अस्वस्थ प्रतिस्पर्धा हुनबाट रोक्न समझदारीमा नेतृत्व चयनलाई प्राथमिकता दिनुपर्नेछ ।

(ङ) नगर तथा वडाको कार्यसमितिको पदाधिकारी छनौटमा सहमतीय विधिमार्फत गर्नुपर्नेछ । पदाधिकारी छनौटमा मुख्य ५ पद सहित आवश्यकता अनुसार सदस्यहरु छनौट गर्न सकिनेछ ।

(च) एकै बालक वा बालिका दुई वा सो भन्दा बढी बाल समूहको नेतृत्वमा बस्न पाउने छैनन् । तर बाल क्लबका नेतृत्वमा रहेको सदस्य सञ्जालको नेतृत्वमा भने बस्न सक्नेछ ।

(छ) बालबालिका माझ हुने प्रतिस्पर्धामा वयस्कहरूको प्रभाव र स्वार्थ तथा चाहना र प्रभावबाट मुक्त राख्नुपर्नेछ ।

**८.१.२ विद्यालयस्तरीय बाल क्लव :**

विद्यालयमा अध्ययनरत बालबालिकालाई समेटेर विद्यालयस्तरीय बालक्लब गठन गर्न सकिनेछ । विद्यालयमा आधारित बाल समूहहरूले सबै जातजाति, कक्षा, लिङ्ग र शारीरिक हैसियतका बालबालिकाको उचित प्रतिनिधित्व र सहभागिता सुनिश्चित गर्नुपर्दछ । यसरी बन्ने बाल समूहमा सदस्य बन्नका लागि सम्बन्धित बालबालिका उक्त विद्यालयमा भर्ना भएको हुनुपर्दछ ।

**८.१.३ बाल क्लब गठन तथा सञ्चालन विधि :**

(क) प्रत्येक विद्यालयमा एक बालक्लब रहनेछ । सबै विद्यार्थीहरू यसका सदस्य हुनेछन् ।

(ख) बालबालिकाको भेलाबाट बालक्लबमा मूख्य ५ पद सहित आवश्यकता अनुसार कार्यसमितिको चयन हुनेछ ।

(ग) कार्यसमितिमा ५० प्रतिशत बालिकाहरु अनिवार्य रहनुपर्नेछ ।

(घ) अपाङ्गता भएका बालबालिका समेतको प्रतिनिधित्व हुनुपर्नेछ ।

(ङ) बालक्लबको गठन तथा अद्यावधिक प्रत्येक वर्षको विद्यार्थी भर्ना अभियानपछि एक महिनाभित्रमा गरिनेछ ।

(च) संरक्षक र प्रधान संरक्षक शिक्षक तोकी विद्यालयको सिफारिस र सम्वन्धित वडाको सिफारिस समेतको आधारमा नगरपालिकामा सूचीकृत गरिनेछ ।

(छ) बालक्लबको विधान गठन भएको एक महिना भित्र प्रमुख प्रशासकीय अधिकृतवाट सूचिकृत गराउनुपर्नेछ ।

(ज) बालक्लबले बालबालिकाको हितका क्षेत्रमा शारीरिक, मानसिक, जीवन उपयोगी सीप, सामाजिक विकास, वातावरण, जोखिम न्यूनीकरण, सिर्जनात्मक तथा रचनात्मक क्रियाकलापहरूको आयोजना समन्वय, सञ्चालन र सहभागिता गर्नेछन् ।

(झ) सबै सहभागीहरूलाई पायक पर्ने स्थानमा र समयमा मासिक वैठक सञ्चालन हुनेछ ।

(ञ) बैठकमा संरक्षकको उपस्थिति अनिवार्य हुनुपर्नेछ ।

(ट) बैठक बढीमा २ घण्टा बस्नेछ ।

(ठ) बैठकको निर्णय पुस्तिका विद्यालयमा राखिनेछ ।

(ड) बैठकमा बालबालिकासँग सम्बन्धित बालमैत्री कार्यक्रम लगायत शिक्षा, स्वास्थ्य, खेलकुद, अतिरिक्त क्रियाकलाप, बाल हिंसा तथा दुर्व्यवहार, बाल विवाह तथा दाइजो विरुद्धका विषयहरुमा बढी केन्द्रित हुनेछ ।

(ढ) बालक्लवको बैठकमा सवै सदस्यहरुलाई समान व्यवहार गनुपर्दछ ।

(ण) बाल क्लबको बैठकको आयोजना विद्यालयमा पढाई नभएको समयमा र दिनको समयमा सबै सहभागीहरूका लागि पहुँचका दृष्टिकोणले उपयुक्त स्थानमा मात्र सञ्चालन गर्नुपर्नेछ ।

**८.१.४ समुदायस्तरीय बाल क्लव :**

कुनै निश्चित भूगोल भित्रका बालबालिकालाई समेटेर वा निश्चित भौगोलिक क्षेत्रलाई कार्यक्षेत्र बनाएर गठन भएका बाल समुहहरु समुदायमा आधारित बालक्लब हुन् । कुनै टोल बस्ती, वडाभित्र बाल क्लब गठन गर्न सकिन्छ । यस्ता बालक्लबले सम्बन्धित भूगोल भित्रका सबै उमेर, लिङ्ग, जाति, आर्थिक हैसियत तथा शारीरिक अवस्थाका बालबालिकालाई समेटने र उनीहरूको उचित प्रतिनिधित्व तथा सहभागिता हुने सुनिश्चितता गर्नुपर्दछ ।

**८.१.५ समुदायस्तरीय बालक्लबको गठन तथा सञ्चालन विधि :**

(क) बालबालिकाको भेलाले मूख्य ५ पद सहित आवश्यकता अनुसार सदस्यहरु छनौट गरी बालक्लब गठन गरिनेछ । संरक्षक तोकी एक महिनाभित्र प्रमुख प्रशासकीय अधिकृतबाट नगरपालिकामा सूचीकृत हुनुपर्नेछ ।

(ख) बालक्लबले बालबालिकाको अधिकारका वकालतका अतिरिक्त शारीरिक, मानसिक, जीवन उपयोगी सीप, सामाजिक विकास, वातावरण, जोखिम न्यूनीकरण, सिर्जनात्मक तथा रचनात्मक क्रियाकलापहरूको आयोजना समन्वय, सञ्चालन र सहभागिता गर्नेछन ।

(ग) बालबालिकालाई पायक पर्ने सुरक्षित स्थानमा मासिक बैठक वस्नेछ । वैठकको निर्णय पुस्तिका सचिवको जिम्मा राखिनेछ । वैठकमा सहजकर्ता, संरक्षक, सामाजिक परिचालक वा नगरपालिकाले तोकेको निकायले सहजीकरण गर्नेछ । बैठकमा संरक्षकको उपस्थिति अनिवार्य हुनुपर्नेछ । वैठक बढीमा २ घण्टा बस्नेछ ।

(घ) समुदायमा आधारित बाल समूहको नेतृत्व न्यूनतम प्रत्येक १ वर्षमा परिवर्तन हुनेछ । सबै सदस्यहरुको समान हैसियत हुनेछ ।

**९. स्थानीय तहको योजना तर्जुमामा बाल समुह प्रतिनिधित्वको व्यवस्था :**

(१) स्थानीय तहबाट हुने योजना निर्माण चक्रमा बालक्लबका प्रतिनिधित्व र सहभागिता अनिवार्य गरिनेछ ।

(२) बस्ती तथा वडास्तरमा हुने योजना छलफलमा सहभागी हुन बालक्लब सदस्य वा प्रतिनिधिहरूलाई निमन्त्रणा गर्न सकिनेछ । भेलामा उनीहरूको सरोकार राख्ने विषयमा धारणा राख्न समय उपलव्ध गराइनेछ ।

(३) नगरस्तरमा तोकिएको प्रक्रियामा बाल भेलाको आयोजना गरी स्थानीय योजना निर्माणका लागि बालबालिकासँग परामर्श लिईनेछ ।

(४) योजना निर्माण तथा बजेट विनियोजनमा बाल समूहलाई बालबालिकाको निम्ति छुट्याइएको कार्यक्रम तथा बजेटबारे सार्वजनिक गरिनेछ ।

**१०. बालक्लब तथा नगरस्तरीय बालक्लब सञ्जालका पदाधिकारीहरूको काम, कर्तव्य र अधिकार :**

**(क) अध्यक्षको काम, कर्तव्य र अधिकार :**

१. बालक्लब तथा सञ्जालको वैठक र साधारण सभाको अध्यक्षता गर्ने ।

२. बालक्लब तथा सञ्जालको बैठक वा साधारण सभामा आवश्यक प्रस्ताव र कागजात पेश गर्ने गराउने ।

३. बालक्लब तथा सञ्जालको आम्दानी, खर्च हिसाब र अन्य कागजात सुरक्षित राख्ने, राख्न लगाउने ।

४. बालक्लब तथा सञ्जालको निर्णय र बालमैत्री स्थानीय समिति र गाउँ तथा वडा बाल अधिकार समितिको निर्देशन कार्यान्वयन गर्ने, गराउने ।

५.बालक्लबको प्रतिनिधि चयन गरी पठाउने वा बालक्लबको प्रतिनिधित्व गर्ने ।

६. उपाध्यक्ष र सदस्यहरूलाई विषयगत कार्यभार विभाजन गरी दिने ।

७. सात दिनभन्दा बढी समयका लागि अनुपस्थित भएमा उपाध्यक्षलाई र उपाध्यक्ष नभएमा आफू मध्येका वरिष्ठ सदस्यलाई कार्यवाहक अध्यक्ष तोक्ने ।

८. बालबालिकासँग सम्बन्धित कार्यक्रममा आमन्त्रण भए सहभागी हुने ।

९. बाल अधिकारसम्बन्धी क्रियाकलाप सञ्चालन गर्न नगरपालिकालाई सहयोग गर्ने ।

**(ख) उपाध्यक्षको काम, कर्तव्य र अधिकार :**

१. अध्यक्षको अनुपस्थितिमा कार्यबाहक अध्यक्ष भई कार्य गर्ने ।

२. बाल अधिकार रक्षाका लागि सदैव तत्पर हुने र समितिलाई आवश्यक सुझावहरु दिने ।

३. तोकिएको अन्य काम गर्ने ।

**(ग) सचिवको काम, कर्तव्य र अधिकार :**

१. अध्यक्षको सल्लाहमा वैठक आयोजना गर्ने, निर्णय पुस्तिका सुरक्षित राख्ने ।

२. बालक्लब तथा सञ्जालमा आवद्ध बालबालिकाहरुको अभिलेख राख्ने ।

३. बालक्लबको चल, अचल तथा जिन्सी सामग्रीको लगत राख्ने ।

४ बालक्लब तथा सञ्जालको प्रशासकीय कार्य गर्ने ।

५. प्रतिवेदन तयार गरी वैठक तथा साधारण सभामा पेश गर्ने ।

६. तोकिएको अन्य कार्य गर्ने ।

**(घ) सहसचिवको काम, कर्तव्य र अधिकार :**

१. सचिवको अनुपस्थितिमा सचिवको कार्यभार सम्हाल्ने ।

२. बाल अधिकार रक्षाका लागि सदैव तत्पर हुने र समितिलाई आवश्यक सुझावहरु दिने ।

३. तोकिएको अन्य कार्य गर्ने ।

**(ङ) कोषाध्यक्षको काम, कर्तव्य र अधिकार :**

१. क्लब तथा सञ्जालको आय व्ययको हिसाब राख्ने ।

२. बजेट तयार गरी बालक्लब तथा सञ्जालको वैठकमा पेश गर्ने ।

३. आर्थिक सहयोग जुटाउने ।

४. आर्थिक प्रतिवेदन तयार गरी वैठकमा पेश गर्ने ।

**(च) सदस्यको काम, कर्तव्य र अधिकार :**

१. बालमैत्री कार्यक्रम कार्यान्वयन गर्न सहयोग गर्ने तथा बैठकमा सहभागी हुने ।

२. बैठकमा निर्णयको लागि आफ्नो विचार पेश गर्ने ।

३. क्लब वा सञ्जालको निर्णय अनुसार तोकिएका कार्य गर्ने ।

४. बालक्लब तथा सञ्जालको हित हुने अन्य रचनात्मक कार्य गर्ने ।

**११. बालसंरक्षण प्रणालीका लागि नगरपालिकाले गर्ने प्रमुख कार्यहरू :**

**१. बालसंरक्षणका सवालहरूको पहिचान :**

स्थानीय समुदायमा बाल संरक्षणका सवालहरु कस्ता कस्ता छन तिनीहरुको पहिचान गरी सम्बन्धित सरोकारवालाहरुलाई कार्यान्वयनका लागि सहयोग गर्ने र समन्वय गर्ने ।

**२. आपतकालीन बालसंरक्षण कोषको स्थापना :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा नगरपालिकाले बाल संरक्षण कोषको स्थापना गर्ने व्यवस्था गरेको हुदाँ बालसंरक्षण सम्बन्धी घटनाहरू तत्काल सम्बोधन गर्न, परिवार तथा बालबालिकालाई तत्काल सहयोग गर्नको लागि स्थानीय आपतकालीन बालसंरक्षण कोषको स्थापना तथा सञ्चालन गरिनेछ । यसै कोषमार्फत आपतकालिन सहयोग गरिनेछ ।

**३. सेवा प्रदायकको पहिचान र सूचीकृत प्रणालीको व्यवस्थापन :**

बालसंरक्षण सम्बन्धी सेवा प्रवाह गर्ने सरकारी तथा गैर सरकारी संघसंस्था, विभिन्न कोष, बालगृह लगायत सो क्षेत्रमा कार्य गर्ने अन्य सेवा प्रदायकहरुको पहिचान गरी नगरपालिकाको सम्बन्धित शाखामा सुचिकृत गरिनेछ । सेवा प्रदायकहरुबीच सेवाहरूको लागि सिफारिस लिने दिने आधार तथा सम्प्रेषण प्रणाली तत्काल शुरुवात गरिनेछ ।

**४. बालसंरक्षण सम्बन्धी सूचना तथा तथ्याङ्क संकलन :** बालसंरक्षणको सम्बन्धमा योजना तर्जुमा, लक्षित क्षेत्र तथा समूह निर्धारण, उपलब्धिको समीक्षा जस्ता व्यवस्थापकीय कार्यको लागि विभिन्न विवरण, तथ्याङ्क तथा सूचनाहरूको अभिलेख तयार गरी राखिनेछ ।

**५. बालसंरक्षण सम्बन्धी स्थिति प्रतिवेदन प्रकाशन :**

नगरपालिकामा संकलन तथा अभिलेखन गरिएका तथ्याङ्कको आधारमा बालबालिकासम्बन्धी स्थानीय तहको वार्षिक स्थिति प्रतिवेदन तयारी, प्रकाशन तथा त्यस्ता तथ्याङ्क तथा प्रतिवेदन संघ तथा प्रदेशका बालसंरक्षण हेर्ने निकायसँग आदानप्रदान गर्ने व्यवस्था मिलाइनेछ ।

## परिच्छेद-३

**१२. बालसंरक्षणको सम्बन्धमा नगरपालिकाको काम, कर्तव्य र अधिकार :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार नगरपालिका क्षेत्रभरी कुनै पनि बालबालिकाको तत्काल संरक्षण गर्नुपर्ने अवस्था आएमा नगरपालिकाले त्यस्ता बालबालिकाको संरक्षण गर्नुपर्ने व्यवस्था रहेको छ । बाल संरक्षण सम्बन्धी कार्यहरूको संयोजन, सहजीकरण, सहयोग र अनुगमन नगरपालिकाबाट हुनुपर्दछ । नगरपालिकाले बालसंरक्षण प्रणाली व्यवस्थित गर्नका लागि देहायका सुचकहरुमा विशेष ध्यान दिनेछ ।

**१२.१ नगरपालिकास्तरीय बाल संरक्षणका प्रमुख सुचकहरु :**

१. नगरपालिकामा बाल संरक्षण सम्बन्धी कार्यको लागि कार्यविवरण सहित कर्मचारी तोकिएको वा स्थायी कर्मचारीको नियुक्त भएको, कर्मचारी तथा पदाधिकारीबिच बाल संवेदनशीलताबारे छलफल, अभिमुखीकरण, तालिम भएको ।

२. नगरपालिकास्तरमा बालसंरक्षणसम्बन्धी घटनाहरूलाई तत्काल सहयोग गर्न सकिने आपतकालीन बालसंरक्षण कोष उपलब्ध भएको ।

३. बालसंरक्षणका सवालहरूको रोकथाम, जोखिम न्यूनीकरण तथा प्रतिक्रिया सम्बन्धी कार्यहरू नगरपालिकाको वार्षिक योजनामा समावेश भएको ।

४. नगरपालिकामा बालसंरक्षणका प्रमुख सवालहरूको पहिचान भई अभिलेख तयार भएको ।

५. बालसंरक्षणको सम्बन्धमा आवश्यक विभिन्न विवरण, तथ्याङ्क तथा सूचनाहरू नियमित संकलन तथा सार्वजनिक गरिएको ।

६. बालसंरक्षणसम्बन्धी कार्यका लागि आवश्यक पर्ने सेवाहरू जस्तै (जस्तै तत्कालका आवश्यकता परिपूर्ति, सुरक्षित आवास, वैकल्पिक स्याहार, मनोविमर्श, उद्धार, पुनर्स्थापना, परिवार शिक्षा, कानुनी सहायता तथा उपचार, छात्रवृत्ति, आय आर्जन, आदि) को लागि अन्य सराकारवालाहरुको सहयोग र समन्वयमा नगरपालिकाबाटै व्यवस्थापन गर्ने सक्षम भएको ।

७. नगर बाल अधिकार समिति र वडा बाल अधिकार समिति सक्रिय र चलायमान भएको ।

८. नगरपालिकाको पुर्व स्विकृति र सहमति विना कुनै पनि निकायले बालबालिका सम्बन्धि कार्य गर्ने नगरेको ।

९. बाल संरक्षणका समस्याहरुको सम्बोधनका लागि बालसंरक्षणको क्षेत्रमा क्रियाशील संघीय, प्रादेशिक, तथा नगरपालिका तहमा कार्यरत अन्य निकाय तथा संघसंस्था, संयन्त्रहरुसंग आवश्यकतानुसार समन्वय, परिचालन, सहकार्य गरिएको ।

१०. सडक बालबालिका, अनाथ, असहाय, अशक्त र मानसिक असन्तुलन भएका व्यक्तिहरूको पुनर्स्थापना केन्द्रको सञ्चालन, व्यवस्थापन, अनगुमन र नियमनका लागि संघीय सरकार, प्रदेश सरकार र विभिन्न संघसंस्थासँग समन्वय गरी सिफारिस र कार्यान्वयन गर्न सक्षम भएको ।

**१२.२ स्थानीय तहमा बालसंरक्षण सम्बन्धी कार्य सम्पादनका लागि आवश्यक अन्य तत्वहरू :**

(क) राजनैतिक प्रतिवद्धता ।

(ख) प्रशासनिक संरचना तथा सामुदायिक संयन्त्र

(ग) मानव तथा आर्थिक स्रोत

(घ) विभिन्न क्षेत्रबीच सहकार्य

## १३. बालसंरक्षणसँग सम्बन्धित कानून, नीति, रणनीति तथा मार्गदर्शन :

### १३.१ कानून

- बालबालिका सम्बन्धी ऐन, २०७५ र बालबालिकासम्वन्धी नियमावली,२०७८
- बालश्रम (निषेध र नियमित गर्ने) ऐन, २०५६ तथा बालश्रम (निषेध र नियमित गर्ने) नियमावली, २०६२

- राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण ऐन, २०७६ तथा नियमावली, २०७७
- बालन्याय सम्पादन (कार्यविधि) नियमावली, २०७६
- राष्ट्रिय बालबालिकासम्बन्धी नीति, २०८० (नेपाल सरकार)
- बाल हेल्पलाइन नम्वर १०९८ नेपाल सञ्चालन कार्यविधि, २०७६ (महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय)
- लैङ्गिक विभेदमा आधारित हिंसाविरुद्ध कार्य सञ्चालन कार्यविधि, २०६८ (प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय)।
- बाल विवाह अन्त्यका लागि राष्ट्रिय रणनीति, २०७२ (नेपाल सरकार)।
- बालगृह सञ्चालन तथा व्यवस्थापनसम्बन्धी मापदण्ड, २०७९ ।
- सडक बालबालिका उद्धार, संरक्षण तथा व्यवस्थापनसम्वन्धी कार्यविधि, २०७६ (महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय)
- मानव बेचबिखन तथा ओसारपसार बाट पीडित र प्रभावितहरूको हेरचाह तथा संरक्षणका लागि राष्ट्रिय न्यूनतम मापदण्ड, २०६८ (महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय)
- छाउपडी प्रथा उन्मुलन निर्देशिका, २०६४ (नेपाल सरकार)।
- विपद् जोखिम व्यवस्थापन राष्ट्रिय रणनीति, २०६६ (गृह मन्त्रालय)।

**१३.२ बालबालिकासँग सम्बन्धित क्षेत्रगत योजना**

(क) मानव बेचबिखन विशेष गरी महिला तथा बालबालिकाहरूको बेचबिखन तथा ओसारपसार विरुद्धको राष्ट्रिय कार्ययोजना, २०६८ को कार्यान्वयन योजना, २०७१ ।

(ख) मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण राष्ट्रिय प्रतिवेदन,२०८१

(ग) पाँचौ मानव अधिकार राष्ट्रिय कार्ययोजना (२०७७/७८ - २०८१/०८२)।

(घ) विद्यालय शिक्षा क्षेत्र योजना (२०७९ - २०८८)।

**१३.३ बालअधिकारको विभिन्न क्षेत्रसँग सम्बन्धित अन्य नीति, रणनीति तथा मार्गदर्शन**

(क) बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका, २०७८

(ख) बालमैत्री स्थानीय शासन घोषणा कार्यविधि, २०७९

(ग) बालमैत्री विद्यालय राष्ट्रिय प्रारूप, २०६७

(घ) भयमुक्त सिकाई वातावरणका निमित्त नीतिगत व्यवस्था, २०६७

(ङ) विद्यालय शान्तिक्षेत्र राष्ट्रिय ढाँचा र कार्यान्वयन निर्देशिका, २०६८

(च) गुनासो सुनुवाई कार्यविधि, २०७४

(छ) आन्तरिक रुपमा विस्थापित व्यक्तिसम्बन्धी राष्ट्रिय नीति, २०६३

(ज) लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति, २०६६

(झ) गुणस्तरीय शिक्षाका लागि बालमैत्री विद्यालय राष्ट्रिय प्रारूप, २०६७

(ञ) शिक्षा ऐन,२०२८ र नियमावली, २०५९

(ट) वातावरणमैत्री स्थानीय शासन प्रारुप, २०७८

**१४. बालबालिकाको संरक्षण र सम्बर्द्धनका लागि बाल कोषको स्थापना :**

आपतकालमा परेका बालबालिकालाई तत्काल उद्धार, राहत र पुनःस्थापना गर्ने कार्य समेतको लागि नगरपालिकाको कार्यालयमा आपतकालीन बाल संरक्षण कोष स्थापना गरिनेछ । बाल कोष संचालन तथा व्यवस्थापनसम्वन्धी व्यवस्था नगरपालिकाको बाल कोष संचालन कार्यविधिवमोजिम हुनेछ ।

## परिच्छेद-४
## विविध

**१५. स्रोत व्यवस्थापन :** सुन्दरहरैंचा नगरपालिकाले बालअधिकार संरक्षण तथा सम्वर्द्धन कार्य सञ्चालन गर्नका लागि वार्षिक योजना तर्जुमा गर्दा बाल संरक्षण कार्यका लागि शिर्षक अनुसार कार्यक्रम निर्माण गर्नुपर्दछ । नेपाल सरकार,प्रदेश सरकार,नगरपालिकाको आन्तरिक स्रोत र विभिन्न दातृसंस्थाहरुको समेत बजेट एकिकृत गरि स्रोत व्यवस्थापन गरिनेछ ।

**१६. प्रोत्साहन पुरस्कारको व्यवस्था :** बालमैत्रीका सुचकहरु पुरा गर्न तथा बालसंरक्षण र सम्वर्द्धन कार्यमा उल्लेखनीय योगदान दिने व्यक्ति, जनप्रतिनिधि, बालक्लब, सञ्जाल तथा संघसंस्थालाई सुन्दरहरैंचा नगरपालिकाले प्रोत्साहन स्वरुप पुरस्कार प्रदान गर्न सक्नेछ ।

**१७. कार्यविधिको व्याख्या गर्ने वा वाधा अड्काउ फुकाउने अधिकार :** कार्यविधिको कार्यान्वयनको सिलसिलामा कुनै दुविधा हुन गएमा सोको व्याख्या वा वाधा अड्काउ फुकाउने अधिकार सुन्दरहरैंचा नगरपालिका,नगरकार्यपालिकालाई हुनेछ ।

**१८. खारेजी र बचाउ :** कार्यविधि बालबालिका सम्बन्धी प्रचलित संघीय तथा प्रदेश सरकारका कानूनसंग बाँझिन गएमा बाँझिएको हद सम्म यो कार्यविधिमा लेखिएको कुराहरू अमान्य हुनेछ र संघीय तथा प्रदेश सरकारको कानूनमा लेखिएका कुराहरू मान्य हुनेछ ।

# अनुसूची-१

## बालक्लब सूचीकृत प्रमाणपत्रको नमुना

लोगो

**सुन्दरहरैँचा नगरपालिका**
नगर कार्यपालिकाको कार्यालय, विराटचौक
मोरङ जिल्ला
कोशी प्रदेश
नेपाल

आवद्धता नं. मिति

श्री.............................................................बालक्लव

वडा नं .........................टोल....................................

मोरङ जिल्ला सुन्दरहरैचा नगरपालिका वडा नं............को ......................................................................विद्यालय/समुदायमा गठन भएको .....................................बालक्लवलाई यस सुन्दरहरैचा नगरपालिका, नगर कार्यपालिकामा आवद्धता गरी सुन्दरहरैँचा नगरपालिकाको बालमैत्री स्थानीय शासन तथा बालअधिकार संरक्षण कार्यविधि, २०८२ को परिच्छेद २ (८) ले व्यवस्था गरेअनुसार आवद्धताको प्रमाण पत्र प्रदान गरिएको छ।

बालअधिकार संरक्षण र सम्वर्द्धन कार्यमा नेपालको संविधान, बालअधिकार सम्वन्धी अन्तर्राष्ट्रिय महासन्धि १९८९ तथा बालबालिका सम्वन्धी कानुनहरुको अधिनमा रही सुन्दरहरैचा नगरपालिकाको बालमैत्री अभियानमा यहाँहरूको सकृय सहभागिताको अपेक्षा गर्दछौ।

प्रमाणित गर्ने

नाम :

पद :

दस्तखत :

## अनुसूची-२

निवेदन पत्रको ढाँचा

मिति :

श्री सुन्दरहरैँचा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
विराटचौक, मोरङ ।

**विषय : बालक्लब सूचीकृत गरी पाऊँ भन्ने बारे ।**

महोदय,

..................................... नामको बालक्लब खोल्न चाहेकोले सुन्दरहरैँचा नगरपालिकाबाट स्वीकृत बालमैत्री स्थानीय शासन तथा बालअधिकार संरक्षण कार्यविधि, २०८२ को परिच्छेद २ (८) ले गरेको व्यवस्था बमोजिम बालक्लब सूचीकृत/आबद्धता गर्नको लागि देहायको विवरण खोली निवेदन गरेका छौं ।

प्रस्तावित बालक्लबको आवद्धताका लागि आवश्यक कागजातहरु यसै साथ संलग्न गरिएको छ ।

..........................
भवदीय
अध्यक्ष

बालक्लब आवद्धताका लागि संलग्न गर्नुपर्ने कागजातहरू :

१) अनुसूची २ अनुसारको निवेदन
२) अनुसूची ५ अनुसारको विधान २ प्रति
३) बालक्लबको निर्णय
४) विद्यालयको हकमा विद्यालयको सिफारिस
५) वडाको सिफारिस
६) बालक्लबको कार्यसमितिको बालबालिकाको जन्मदर्ताको प्रतिलिपि

# अनुसूची-३
# बालअधिकारको संरक्षण तथा सम्वर्द्धनमा नगरपालिका वा वडाले सञ्चालन गर्ने क्रियाकलापहरू

## १. बाल बचावट

| | |
|---|---|
| स्थानीय स्वास्थ्य संस्थामा खोप/औषधीको पर्याप्तता | ▪ स्थानीय स्वास्थ्य संस्थाको नियमित अनुगमन गर्ने तथा आधारभूत स्वास्थ्य सेवा, औषधी तथा खोपको सुनिश्चितता गर्ने ।<br>▪ स्वास्थ्य विमा लागू भएका क्षेत्रहरूमा सबै बालबालिकाको स्वास्थ्य विमा प्रवर्द्धन गर्ने तथा न्यून आर्थिक अवस्था भएका बालबालिकाको स्वास्थ्य विमा गराउने प्रबन्ध गर्ने । |
| स्वास्थ्य संस्थामा किशोर किशोरीका स्वास्थ्यका विषयहरूको प्रभावकारी सम्बोधन | ▪ किशोर किशोरीलाई मुलतः यौन तथा प्रजनन् स्वास्थ्यसम्बन्धी समस्या भन्न सक्ने वातावरण सिर्जना गर्न तथा गोपनीयता कायम गर्न स्वास्थ्यकर्मीहरूलाई संवेदनशील बनाउने । |
| गर्भावस्था वा प्रसुतीपछि मातृ-शिशुको स्वास्थ्य नियमित परीक्षण । | ▪ जनचेतना अभिवृद्धिका लागि स्वास्थ्य केन्द्रहरूको परिचालन तथा अनुगमन गर्ने र नियमित मातृ-शिशुको स्वास्थ्य परीक्षणका लागि सचेतना गर्ने ।<br>▪ विभिन्न स्थानहरूमा शिविरहरू सञ्चालन गर्न लगाउने ।<br>▪ गर्भावस्था परीक्षणको लागि निश्चित दिन तोकी गर्भवती महिलालाई पोषणयुक्त खानाको व्यवस्था गर्दै तालिमको व्यवस्था गर्ने । |
| स्वास्थोपचारको क्रममा हिंसाजन्य कारणको आभाष हुनु | ▪ कुनै पनि बालबालिकालाई स्वास्थोपचार गर्न ल्याउँदा गम्भीर शारीरिक चोटपटकको उपचार गर्ने क्रममा सो कुनै व्यक्तिको लापरवाही/दुर्व्यवहार, हिंसा वा जोखिममा पर्न गएको आभास भएमा स्वास्थ्यकर्मीले सो बारे नजिकको प्रहरी/बालकल्याण समिति/सम्बन्धित निकायमा जानकारी गर्ने व्यवस्था गर्ने । |

## २. बाल संरक्षण

| विषयहरू | सम्बोधन कार्यहरू |
|---|---|
| विविध कारणहरूले सडक लगायतका सार्वजनिक स्थानमा आश्रित बालबालिका । | ▪ बालबालिका सडकमा आउने कारक तत्वहरूबारे अभिभावक तथा समुदायलाई सचेतना गर्ने ।<br>▪ परिवारबाट अलग हुने जोखिममा रहेका बालबालिकाको लागि पारिवारिक सहयोग तथा आर्थिक विकासका कार्य गर्ने ।<br>▪ सडकमा जीवनयापन गरिरहेका बालबालिकालाई सेवा प्रदायक संस्थासँग समन्वय गरी तत्काल उद्धार तथा व्यवस्थापन गर्ने - पारिवारिक तथा सामाजिक पुनर्मिलन, पुनर्स्थापना, पुर्नएकीकरण गर्ने ।<br>▪ सम्पर्क गृह तथा सामाजिकीकरण केन्द्र सञ्चालनमा सहयोग गर्ने । |
| अनाथ, असहाय वा बेवारिस अवस्थाका बालबालिका | ▪ कुनै पनि कारणबाट अनाथ, असहाय वा बेवारिस भएका बालबालिकाको पहिचान गरी सूचना अद्यावधिक गर्ने ।<br>▪ यस्ता बालबालिकाका लागि अस्थाई आवास तथा पुनर्स्थापनाको व्यवस्था गर्ने ।<br>▪ यस्ता बालबालिकाको परिवार वा आफन्तको खोजी गरी परिवारमा पठाउने ।<br>▪ परिवारमा आधारित स्याहारको व्यवस्था हुन नसकेका बालबालिकाको लागि आवासीय बालगृह वा अन्य वैकल्पिक स्याहारको व्यवस्था गर्ने ।<br>▪ वैकल्पिक स्याहार प्रदान गर्न योग्य तथा इच्छुक व्यक्ति तथा संस्थाहरूको पहिचान तथा सूचीकरण गर्ने । |

| | |
|---|---|
| अपाङ्गता भएका बालबालिका | ▪ अपाङ्गता भएका बालबालिकाको अपाङ्गताको विविध किसिम सहित तथ्याङ्क संकलन तथा अभिलेखीकरण गर्ने र परिचय पत्रको व्यवस्था गर्ने, गराउने ।<br>▪ अपाङ्गता भएका बालबालिकाको लागि आवश्यक पर्ने विशेष स्याहार, मनोविमर्श, पुनर्स्थापना, उपचार, छात्रवृत्ति जस्ता सेवाहरूको नक्साङ्कन तथा सूचीकरण गर्ने ।<br>▪ सेवा उपलब्ध नभएको अवस्थामा आवश्यकता अनुसार सेवाको स्थापना, सञ्चालन, मापदण्ड निर्धारण तथा अनुगमन गर्ने तथा गैरसरकारी र निजी सेवा प्रदायक मार्फत त्यस्ता सेवा प्रवाह गर्ने व्यवस्था मिलाउने ।<br>▪ अपाङ्गता भएका व्यक्तिहरूका लागि समुदायमा आधारित पुनर्स्थापना कार्यक्रम सञ्चालन निर्देशिका, २०६८ बमोजिमका अन्य कार्यहरू गर्ने । |
| बालविवाह | ▪ बालविवाहको आर्थिक, सामाजिक तथा स्वास्थ्य एवम् व्यक्तित्व विकाससम्बन्धी असर र कानूनी प्रावधान आदिबारे लक्षित समुदाय पहिचान गरी सचेतना गर्ने ।<br>▪ बालविवाह गर्न वा गराउन लागेको अवस्थामा सम्बन्धित परिवार तथा बालबालिकालाई सम्झाई-बुझाई तथा आवश्यक सहयोग, सेवा उपलब्ध गराई बालविवाह नगर्ने वातावरण निर्माण गर्ने ।<br>▪ बालविवाहका घटनाको दर्ता र सोको महत्वबारे समुदायमा सचेतना गर्ने । |
| बालश्रम अन्त्य गर्ने गराउने | ▪ बालश्रम हुने सम्भावित निजी तथा व्यावसायिक क्षेत्रको नियमित अनुगमन गर्ने ।<br>▪ बालश्रम उपयोग निरुत्साहित गर्ने र बालश्रम प्रयोग भएका सेवा तथा सामाग्री प्रयोग नगर्ने नगराउने ।<br>▪ निश्चित आधार तथा मापदण्डको आधारमा बालश्रम मुक्त वडा/पालिका घोषणा तथा हरियो झण्डा अभियान (बालश्रममुक्त यातायात क्षेत्र, होटल, रेस्टुरेन्ट, उद्योग तथा कलकारखाना, आदि) सञ्चालन गर्ने ।<br>▪ घरेलु बालश्रमिक विरुद्ध हुन सक्ने जोखिम भएका परिवार लक्षित चेतना अभिवृद्धिका साथै आय आर्जन लगायतका सेवाहरूमा पहुँच स्थापना गर्ने ।<br>▪ गैर कानुनी रूपमा श्रममा लगाइएका बालबालिकाको लागि कानुनी उपचार तथा काममा लगाउनेबाट क्षतिपूर्तिको लागि सहजीकरण गर्ने । |
| बालबालिकाको बेचबिखनको अन्त्य | ▪ देशभित्र तथा देश बाहिर हुने बालबालिकाको बेचबिखन विरुद्ध अभिभावक तथा बालबालिकालाई सञ्चार माध्यम, स्थानीय बालक्लब, बालक्लब, विद्यालय लगायत विभिन्न माध्यमबाट सचेतना गर्ने ।<br>▪ बालबालिकाको बेचबिखन रोक्नका लागि नेपाल प्रहरी तथा संघसंस्थाहरूसँगको समन्वयमा स्थानीय तहका मुख्य नाकाहरूमा चेक पोष्टहरूको व्यवस्था गर्ने ।<br>▪ बेचबिखनमा पारिएका बालबालिकाको उद्धार, स्वदेश फिर्ती, पारिवारिक पुनर्मिलन, पुनर्स्थापना, आपत्कालिन संरक्षण, परामर्श, कानुनी उपचार तथा जिवनोपयोगी सीप र सहयोग लगायतका सेवा तथा सहयोग प्रदान गर्ने । |
| अनुशासनको नाममा दिइने शारीरिक तथा मानसिक दण्डसजाय | ▪ घर, समुदाय, बालविकास केन्द्र, विद्यालय, आवासीय बालगृह, बालसुधार गृह, उपचार केन्द्र, कार्यस्थल वा अन्य स्थानमा अनुशासनको नाममा बालबालिका उपर हुने शारीरिक तथा मानसिक दण्डसजाय दिएमा हुनसक्ने सजाय तथा कानुनबारे प्रचार प्रसार गर्ने ।<br>▪ विद्यालयमा भयरहित वातावरणमा सिक्ने तथा सिकाउने अवस्थाको विकास गर्न विद्यालय व्यवस्थापन समिति, शिक्षक, विद्यार्थी तथा अभिभावकमा जागरण तथा सहकार्य प्रवर्द्धन गर्ने । |
| यौन शोषण वा दुर्व्यवहार | ▪ बालबालिकामाथि हुने यौनशोषण तथा दुर्व्यवहार र यसबाट बच्ने उपायबारे समुदायमा आधारित संघसंस्था वा बालक्लब, बालबालिका, अभिभावक, शिक्षक, खेलकुद तथा अतिरिक्त क्रियाकलापहरूमा प्रशिक्षक आदिलाई सचेतना अभिवृद्धि गर्ने । |

| | |
|---|---|
| | ▪ शिक्षण संस्था, स्वास्थ्य सेवा प्रदायक लगायत बालबालिकासँग सम्पर्कमा आउने सेवा प्रदायकले यौनशोषण तथा दुर्व्यवहारको लक्षण पहिचान गर्ने तथा उजुरी गर्ने क्षमता अभिवृद्धि तथा उजुरी प्रणाली स्थापना गर्ने । |
| हेपाई (बुलिङ) | हेपाइले बालबालिकाको मानसिक तथा वौद्धिक विकासमा नकारात्मक असर पुऱ्याई उनीहरूको व्यक्तित्व विकासमा नै प्रभाव पार्ने हुनाले हेपाइ हुने सम्भावित स्थलमा (खासगरी विद्यालयमा) विभिन्न कार्यहरू आवश्यक पर्दछ, जस्तै :<br>▪ हेपाई नगर्ने र नगराउनेबारे विभिन्न माध्यमबाट सचेतना गर्ने ।<br>▪ हेपाई गर्नेलाई स्थान र घटनाको प्रकृतिको आधारमा सम्झाउने, बुझाउने तथा कानुनी कारवाही हुने देखिएमा सम्बन्धित अधिकारीको सहयोग लिने । |
| विपद्मा बालबालिकाको संरक्षण | ▪ सम्भावित बाढी पहिरो आउने स्थानको पहिचान गरी सो को नियन्त्रणका लागि आवश्यक कार्य गर्ने ।<br>▪ विपद् प्रभावित बालबालिकालाई तत्काल खाना, बसोवासको सुरक्षित प्रवन्ध मिलाउने ।<br>▪ विपद्मा परेका बालबालिकाको व्यवस्थापनका लागि आवश्यक अस्थायी सिकाइ केन्द्रहरूको व्यवस्थापनका लागि समन्वय गर्ने ।<br>▪ विपद्का कारण शिक्षा तथा स्वास्थ्यबाट बञ्चित बालालिकाको शैक्षिक निरन्तरता तथा स्वास्थ्य उपचारका लागि आवश्यक सहयोग गर्ने । |
| इन्टरनेट सुविधाको माध्यमबाट बालबालिका माथि हुनसक्ने जोखिम न्युनीकरण | ▪ इन्टरनेटको सही प्रयोग तथा यसको दुरुपयोगबाट हुनसक्ने हानीबारे शिक्षक, बालबालिका तथा अभिभावकलाई सचेतना गर्ने ।<br>▪ इन्टरनेटको दुरुपयोगबाट जोखिममा परेका बालबालिकालाई मनोसामाजिक परामर्श, कानूनी उपचार लगायतका आवश्यक सहयोग गर्ने । |
| लागूपदार्थ दुर्व्यसनी तथा ओसारपसार | ▪ लागूपदार्थ दुर्व्यसनी तथा ओसारपसार विरुद्ध विद्यालय, अभिभावक र बालबालिकालाई सचेतना गर्ने ।<br>▪ दुर्व्यसनमा परेका बालबालिकाको पुन:स्थापनका लागि विभिन्न संघसंस्था तथा निकायहरूको समन्वयमा आवश्यक दुर्व्यसन उपचारको व्यवस्था गर्ने ।<br>▪ लागूपदार्थको ओसारपसारमा बालबालिकाको संलग्नतालाई नियन्त्रण गर्न सीमाक्षेत्रका नाकाहरूमा विशेष निगरानीको व्यवस्था गर्ने । |

## ३. बाल विकास

| **विषयहरू** | **सम्बोधन कार्यहरू** |
|---|---|
| समयमा पाठ्यपुस्तकको उपलब्धता | ▪ आफ्नो कार्यक्षेत्रभित्र रहेका विधार्थीहरूको संख्या एकीन गरी समयमै पाठ्यपुस्तकको व्यवस्थापनका<br>▪ लागि पालिकाले सम्बन्धित निकायसँग समन्वय गर्ने ।<br>▪ सबै बालबालिकाले समयमै पाठ्यपुस्तक पाए नपाएको अनुगमन गर्ने । |
| छात्रवृत्तिको अनुगमन | ▪ विविध बालक्लबका बालबालिकालाई प्रदान गरिने छात्रवृत्तिहरूको उचित ढंगले वितरण गरे नगरेको अनुगमन गर्ने । |
| अनुशासनका नाममा दण्ड सजाय दिइनु | ▪ विद्यालयलाई दण्ड सजायमुक्त घोषणा गर्न शिक्षकहरूलाई भयरहित शिक्षण सिकाईसम्बन्धी तालीम दिई कार्यान्वयनमा ल्याउने व्यवस्था मिलाउने ।<br>▪ विद्यालयमा दण्ड सजायका घटना घटेमा तत्काल आवश्यक सम्बोधन तथा कारवाही गर्ने गराउने । |

| | |
|---|---|
| विद्यालयमा शौचालय, सरसफाइ सामग्री, खानेपानी लगायतका आधारभूत पुर्वाधार | ▪ छात्र र छात्राको लागि छुट्टाछुट्टै, अपाङ्गमैत्री शौचालय भए नभएको अनुगमन गर्ने र नभएमा सोको व्यवस्था गर्ने गराउने । <br> ▪ छात्राहरूका निम्ति स्यानेटरी प्याडको व्यवस्था गर्ने गराउने, सोको उपयोग तथा प्रयोग पश्चातको व्यवस्थापन गराउने । <br> ▪ स्वच्छ खानेपानीको उचित व्यवस्थापन गर्ने गराउने, |
| बालबालिकाको शैक्षिक नियमितता | ▪ निःशुल्क तथा अनिवार्य शिक्षा अवधारणाको सचेतीकरण गर्ने । <br> ▪ विपन्न परिवारका बालबालिकालाई स्टेशनरी, ड्रेस तथा छात्रवृत्ति लगायतको व्यवस्था गरी नियमित विद्यालय जानको लागि अभिप्रेरित गर्ने । <br> ▪ आवश्यकता अनुसार दिवा खाजाको व्यवस्था गर्ने गराउने । |
| शिक्षण सिकाइ यिमित नहुनु | ▪ शिक्षण नियमित भए नभएको अनुगमन गरी गराई दण्ड तथा पुरस्कारको व्यवस्था गर्ने । |
| भेदभाव तथा हेपाइ | ▪ विद्यालयहरूमा कुनै पनि दृष्टिकोणबाट विधार्थी विधार्थी बीच हुने वा विधार्थीमाथि हुनसक्ने कुनै पनि किसिमको भेदभाव, हेपाइ, दुर्व्यवहार हुन नदिन विद्यालय बालसंरक्षण नीति/आचारसंहिता बनाई लागू गर्ने । <br> ▪ विद्यालयमा उजुरी पेटिका राख्नुको साथै यससम्बन्धी सम्बोधन गर्ने संयन्त्र निर्माण गर्ने र समयसमयमा अनुगमन गर्ने । |
| प्रारम्भिक बालविकास केन्द्रको अनुगमन | ▪ आफ्नो कार्यक्षेत्रभित्र बालबालिकाको पहुँच हुनेगरी प्रारम्भिक बालविकास केन्द्रहरू सञ्चालन भए नभएको अनुगमन गरी सोको व्यवस्थित तथा बालमैत्री सञ्चालनका लागि सहजीकरण गर्ने । |
| विद्यालयमा मनोविमर्श सेवाको व्यवस्था गर्ने | ▪ प्रत्येक विद्यालयमा मनोविमर्श सेवाको सुनिश्चितताका लागि तालिम प्राप्त मनोविमर्शकर्ताको व्यवस्था गर्ने वा विद्यालयकै शिक्षकलाई मनोविमर्श सम्बन्धी उपयुक्त तालिम दिई सो सम्बन्धी सेवा प्रदान गर्ने । |
| विद्यालय स्वास्थ्य कार्यक्रम सञ्चालन | ▪ विद्यालयमा स्वास्थ्य शिक्षा कार्यक्रम सञ्चालनको व्यवस्था गर्ने । <br> ▪ आफ्नो कार्यक्षेत्रभित्र रहेका विद्यालयहरूमा बालबालिकाको नियमित स्वास्थ्य परिक्षणको व्यवस्था गर्ने । |

## ४. बाल सहभागिता

| विषयहरू | सम्बोधन कार्यहरू |
|---|---|
| बालक्लबको सूचीकृत तथा गठन | ▪ आफ्नो कार्यक्षेत्रभित्र रहेका विद्यालय तथा समुदायमा आधारित बालक्लबहरूको सूचीकरण गर्ने र आवश्यकता अनुसार गठन गर्ने । <br> ▪ बालसंरक्षणका सवालहरू पहिचान तथा सम्बोधनका लागि बालक्लबहरूको आवश्यक परिचालन गर्ने । |
| योजना तर्जुमामा अर्थपुर्ण बाल सहभागिता | ▪ पालिकास्तरीय नीति निर्माण तथा कार्यक्रम तर्जुमाको क्रममा बालबालिकासम्बन्धी विषयवस्तुका लागि बालबालिकाको उपयुक्त विचार वा सुझावलाई समावेश गर्ने । <br> ▪ पालिका अन्तर्गत गठन हुने विभिन्न समिति, उप समितिहरूमा बालबालिकाको शैक्षिक र शारीरिक क्षमताको आधारमा सहभागी गराउने (सदस्य वा आमन्त्रित) । |
| बालसहभागिता बारे सचेतना | ▪ परिवार, विद्यालय, समुदाय, वडा तथा पालिकास्तरमा बालसहभागिताको महत्वबारे अवधारणागत स्पष्टताका लागि आवस्यक अन्तरक्रिया तथा अभिमूखीकरण गर्ने । |

# अनुसूची-४
## बालमैत्री स्थानीय शासनका सूचकहरू

बालमैत्री स्थानीय शासन राष्ट्रिय रणनीति अनुसार बालमैत्री स्थानीय तह घोषणा गर्नका लागि राष्ट्रियस्तरका न्युनतम सुचकहरु तय गरि कार्यान्वयनमा ल्याएको छ । नगरपालिकाले आफनो भूगोल,क्षमता र आर्थिक अवस्था समेतका आधारमा थप सुचकहरु निर्धारण गरि बालमैत्री अभियान सञ्चालन गर्न सक्नेछ । बालमैत्री स्थानीय शासन राष्ट्रिय रणनीति अनुसार बालमैत्री स्थानीय तह घोषणाका लागि देहायका सुचकहरु रहेका छन ।

**१. बाल बचावट**

क) ६ महिनासम्मको शिशुलाई आमाले पूर्ण स्तनपान गराएको (आमाको दूध मात्रै खुवाउने) हुनुपर्ने,

ख) १ वर्षभित्रका बालबालिकाले पूर्ण रुपमा खोप - बि. सि. जि., डिपिटी, हेपटाइटिस बि, हिब ३, पोलियो, दादुरा, मात्रा) पाएको हुनुपर्ने,

ग) ६ महिनादेखि ५ वर्षमुनिका सबै बालबालिकालाई वर्षको २ पटक भिटामिन ए क्याप्सुल खुवाएको हुनुपर्ने

घ) गर्भवती आमाको दक्ष स्वास्थ्यकर्मीबाट सुत्केरी गराइएको हुनुपर्ने,

ङ) गर्भवती महिलाहरूले कम्तीमा प्रसूति पूर्व ४ पटक र प्रसूति पश्चात आमा र नवजात शिशुको कम्तीमा ३ पटक स्वास्थ्य जाँच गराएको हुनुपर्ने,

च) गर्भवती महिलाले टिटानस विरुद्धको २ वटा खोप लगाएको हुनुपर्ने,

छ) एच् आई भी संक्रमित आमाबाट जन्मिएका सबै बालबालिकाले ARV Prophylaxis पाएका हुनेछन्,

ज) गर्भवती तथा सुत्केरी आमाहरूले आईरन चक्की (जम्मा २२५ वटा) खाएको हुनुपर्ने,

झ) सबै घरधुरीमा स्वच्छ खानेपानीको सुविधा हुनु पर्ने,

ञ) साबुनपानीले हात धुने परिपाटीको विकास भएको हुनुपर्ने (चर्पी गएपछि, खाना खानुअघि र बालबालिकाको दिसा धोएपछि) ।

**२. बाल संरक्षण**

क) ५ वर्षमुनिका सबै बालबालिकाको जन्मदर्ता भएको हुनुपर्ने,

ख) बालविवाहको संख्यामा कमी आएको हुनेछ,

ग) निकृष्ट प्रकारको बालश्रम दर घटेको हुनुपर्ने,

घ) घरपरिवार र समुदायवाट बालबालिका विरुद्ध हुने हिंसा, वेचविखन, शोषण, दुर्व्यवहार जस्ता घरेलु हिंसा कम गर्न पहल भएको हुनुपर्ने,

ङ) बाल संरक्षण सम्वन्धी समुदायमा आधारित बाल संरक्षण प्रणाली सक्रिय भएको हुनुपर्ने ।

**३. बाल विकास**

क) ३ देखि ४ वर्ष उमेर पुगेका बालबालिका प्रारम्भिक बालविकास कक्षामा भर्ना भएका हुनुपर्ने,

ख) ५ देखि १२ वर्ष उमेरका बालबालिकाले आधारभूत शिक्षा (१ देखि कक्षा ८ सम्म) पूरा गरेको हुनुपर्ने,

ग) कक्षा १ को लागि विद्यालय जाने उमेरका सत्प्रतिशत बालबालिका विद्यालय भर्ना भएका हुनुपर्ने,

घ) विद्यालय जान नपाएका बालबालिकाले अनौपचारिक शिक्षा प्राप्त गरेको हुनुपर्ने,

ङ) प्रत्येक विद्यालयमा छात्रछात्राको लागि अलग अलग शौचालयको व्यवस्था भएको हुनेछ,

च) प्रत्येक विद्यालयमा अतिरिक्त कृयाकलाप सम्बन्धी कार्यक्रम सञ्चालन भएको हुनेछ ।

**४. बाल सहभागिता**

क) स्थानीय तहको निर्णय प्रक्रियामा १२ देखि १८ वर्षसम्मका बालबालिकाको संस्थागत सहभागिताको संयन्त्र विकास गरी सहभागी गराएको हुनुपर्ने,

ख) स्थानीय तहले सञ्चालन गर्ने योजनामा बालबालिकाको आवाज समेटिएको हुनुपर्ने,

ग) विद्यालय व्यवस्थापन समितिमा संस्थागत तवरबाट बालबालिकाको आवाज सुनिने व्यवस्था सुनिश्चित भएको हुनेछ,

घ) स्वास्थ्य व्यवस्थापन समितिमा बालक्लबको प्रतिनिधित्व हुनेछ,

ङ) नगरपालिकाको प्रत्येक वडामा बालबालक्लब गठन भई क्रियाशील रहेको हुनेछ,

च) जिल्ला, नगर तथा नगर तहमा बाल सञ्जाल गठन भएको हुनुपर्ने ।

**५. संस्थागत सूचकहरू**

क) स्थानीय तहको सभा नियमित रुपमा सञ्चालन भएको हुनेछ,

ख) स्थानीय तहहरूले आफ्नो लागि बालमैत्री व्यवहार, आचार संहिता तर्जुमा गरी कार्यान्वयनमा ल्याएका हुनेछन्,

ग) स्थानीय तहमा बालमैत्री स्थानीय शासन प्रवर्द्धन समिति गठन भएको हुनेछ,

घ) स्थानीय विद्यालयहरूमा विद्यालय व्यवस्थापन समिति क्रियाशील रहनेछन्,

ङ) स्थानीय स्वास्थ्य संस्थाहरूमा स्वास्थ्य व्यवस्थापन समिति क्रियाशील रहनेछन्,

च) स्थानीयस्तरमा बालविकास केन्द्र, बालकक्षा तथा पूर्व प्राथमिक कक्षाहरू सञ्चालन भएका हुनेछन्,

छ) स्थानीय स्तरमा बालक्लबहरूको सक्रियता रहनेछ ।

ज) स्थानीय स्तरमा बाल सञ्जाल विकास भएको हुनेछ र जिल्लास्तरसम्म उनीहरूको प्रतिनिधित्व रहनेछ,

झ) बालबालिकाका लागि वार्षिक योजना र लगानी योजना तर्जुमा भै कार्यान्वयन भएको हुनेछ ।

ञ) नगरपालिकाको योजनामा बालबालिकासँग सम्बन्धित योजना तथा कार्यक्रम समेटी एकीकृत नीति, योजना, कार्यक्रम तर्जुमा र कार्यान्वयन भएको हुनेछ,

ट) बालबालिका सम्बन्धी स्थितिपत्र तयारी तथा प्रकाशन र अद्यावधिक भएको हुनेछ ।

# अनुसूची-५

## श्री ................................................................ बाल क्लब,

## सुन्दरहरैँचा नगरपालिकाको ......... वडा

## बाल क्लबको विधान, २०....

**प्रस्तावना :**

बालअधिकारको संरक्षण र सम्बर्द्धनमा स्वयं हामी बालबालिकाबाटै सहयोग पुऱ्याउने अभिप्रायले बालअधिकार प्राप्तिका लागि महत्वपूर्ण सहयोगी सरोकारवाला पक्षहरूमा सचेतना अभिवृद्धि गर्दै हामी बालबालिकाको भविष्यलाई उज्यालोतर्फ डोऱ्याउन, हामी बालबालिकामा भएको क्षमता र प्रतिभाको विकास र प्रस्फुटन गर्न साथै बालबालिकाको बाल बचावटको अधिकार, बाल विकासको अधिकार र बालसंरक्षणको अधिकार प्राप्तिमा महत्वपूर्ण योगदान गर्न र आफ्नो अधिकार लिन बाल सहभागिताको अधिकारमार्फत् हामी बालक्लबका सम्पूर्ण पदाधिकारीहरू सहमत भई हाम्रो बालक्लबको नाम ..................................................... बालक्लब राखी ........................... वडा नं. ........ को ........................................................... मा क्लबको सम्पर्क कार्यालय रहने गरी सुन्दरहरैँचा बालमैत्री स्थानीय शासन तथा बालसंरक्षण कार्यविधि, २०८२ बमोजिम यो विधान लागू गरिएको छ।

## परिच्छेद-१
## नाम र प्रारम्भ

१. नाम र प्रारम्भ

१.१ यस क्लबको नाम.............................................................बालक्लब रहनेछ। यो बालक्लब विद्यालय वा समुदायस्तरको बालक्लबको रुपमा रहनेछ।

१.२ यो विधान सुन्दरहरैँचा नगरपालिकामा सूचीकृत भई क्लबको वैठकको निर्णयानुसार तोकिएको मितिदेखि लागू हुनेछ।

१.३ यस क्लबको सम्पर्क कार्यालय .................................. वडा नं. ........... को ........................................................................मा रहनेछ।

१.४ यस क्लबको छुट्टै छाप रहनेछ। छापको वरिपरि बालक्लबको नाम, ठेगाना र स्थापना मिति तथा बीचमा रुखको छहारीमुनि गोलो आकृतिमा बसेका आठजना बालबालिकाको चित्र अंकित रहनेछ। लोगो अनुसूची (क) मा समावेश गरिएको छ।

## परिच्छेद-२
## परिभाषा, उद्देश्य तथा सदस्यता

२. परिभाषा

विषय र प्रसङ्गले अर्को अर्थ नलागेमा यस विधानमा,

२.१ “बालक्लब” भन्नाले बालक्लबले तोकेको सेवा क्षेत्रभित्रका ८ बर्षदेखि १८ बर्षसम्मका सबै बालबालिकाको संगठित समूहलाई जनाउनेछ।

२.२ “सदस्य” भन्नाले यस विधान बमोजिम क्लबको सदस्यता प्राप्त बालबालिका सम्झनुपर्दछ।

२.३ “विधान” भन्नाले बालक्लबको विधान सम्झनुपर्नेछ।

२.४ “साधारण सभा” भन्नाले क्लबको वार्षिकरुपमा हुने सभालाई जनाउँदछ।

२.५ “कार्यसमिति” भन्नाले विधानबमोजिम गठन भएको कार्यसमितिलाई जनाउनेछ।

२.६ "सल्लाहकार समिति" भन्नाले बालक्लबमा काम गरी अनुभव प्राप्त पूर्व पदाधिकारी एवं कार्यसमितिले मनोनित गरेका अन्य बालबालिकाको बालक्लबलाई जनाउनेछ ।

२.७ "उपसमिति" भन्नाले आवश्यताअनुसार गठन भएका सदस्यहरूको बालक्लबलाई जनाउनेछ ।

२.८ "बालक" भन्नाले बालक र बालिका दुवैलाई सम्झनुपर्दछ ।

**३. क्लबको उद्देश्य :**

निम्न उद्देश्यहरू लिई यो बालक्लब स्थापना गरेका छौं ।

- बालबालिकाको भविष्यको लागि राम्रो जग बसाउन,
- निस्क्रिय रहने समयको सदुपयोग गर्न,
- बालक्लबमा आवद्ध सवै सदस्यहरु बसेर बाल अधिकार सम्बन्धी छलफल गर्न,
- बालबालिकामा सामाजिक र एकताको भावना जागृत गराउन,
- हामीलाई कार्यक्रम र व्यवहारले सिकाएका राम्रा कुराहरू व्यवहारमा उतार्न र समुदायमा परिवर्तन ल्याउन ।
- बालअधिकारसँग सम्बन्धित समस्या केलाउन र समाधान गर्न सक्ने बन्न,
- हामीमा नेतृत्व र आत्मविश्वास विकास गर्न
- बालअधिकारसँग सम्बन्धित विभिन्न क्रियालकलापहरूमा समुदायमा रहेका सम्पूर्ण दलित, अपांग, पछाडि पारिएका बालबालिका, विद्यालय जान नपाएका, विद्यालय छाडेका र विद्यालय पढ्दै गरेका बालबालिकाको समेत सामूहिक सहभागिता जुटाउन,
- स्थानीय तहमा बालमैत्री स्थानीय शासन लागूगर्न सूचकहरूमा काम तथा पैरवी गर्ने

**४. क्लबको उद्देश्य प्राप्तिका लागि समुदायमा गर्न सकिने क्रियाकलापहरू :**

(क) क्लबको सदस्यता वितरण ।

(ख) कार्यसमितिको चयन ।

(ग) वार्षिक कार्ययोजना निर्माण ।

(घ) कार्ययोजना बमोजिम विविध कार्यक्रमहरू सञ्चालन गर्न ।

- **चेतनामूलक कार्यक्रमहरू :** (एच.आई.भी/एड्स, लैंगिक विभेद, सरसफाई, बालबालिका उपरको दुर्व्यवहार र दण्ड सजाय, बालविवाह, दाइजो, अपहरण, कुटपिट, बेचबिखन, सशस्त्र द्वन्द्वमा बालबालिकाको प्रयोग आदिका विरुद्धका अभियानहरू, (सडक नाटक, दोहोरी गीत, लोक गीत, वक्तृत्वकला, सार्वजनिक सुनुवाइ, निवन्ध, चित्रकला, र्‍याली, अन्तरक्रिया),
- **प्रतियोगितात्मक कार्यक्रमहरू :** खेलकुद, विभिन्न विषयमा वादविवाद, चित्रकला, हाजिरी जवाफ, वक्तृत्वकला आदि ।
- **सरसफाई कार्यक्रमहरू :** घरपरिवार र समुदाय तथा व्यक्तिगत सरसफाइसँग सम्बन्धित चेतनामूलक अभियानहरू सञ्चालन गर्न सक्नेछन् ।
- विद्यालय भर्ना र भर्ना भएका बालबालिकाको नियमित अनुगमन गर्ने, तथा विद्यालय जान उत्प्रेरित गर्ने
- **विविध कार्यक्रमहरू :** सर्वेक्षण, विश्लेषण, खोप कार्यक्रमहरूमा स्वयं सेवक, घरभेट कार्यक्रम, सांस्कृतिक कार्यक्रम, विद्यालय भर्नाका लागि कार्यक्रम लगायत अनाथ, अपाङ्ग र विपन्न बालबालिकाका लागि शैक्षिक सहयोग कार्यक्रम, अन्तर बालक्लब भ्रमण, अन्तरबालक्लब प्रतियोगितात्मक कार्यक्रमहरू र बालभित्ते पत्रिका प्रकाशन ।

**५. सदस्यतासम्बन्धी व्यवस्था :**

**५.१ सदस्यको प्रकार :**

बालक्लबमा देहाय बमोजिमका सदस्यहरू रहनेछन् :

(क) साधारण सदस्य

(ख) कार्यसमिति सदस्य

(ग) आवश्यक सम्झेमा अन्य प्रकारका सदस्यहरू समितिले निर्धारण गर्न सक्नेछ ।

**५.२ सदस्यता प्रदान गर्ने विधि र नियमहरू :**

(क) क्लबको सदस्यता लिनको लागि ८ वर्ष पूरा भई १८ वर्ष ननाघेको बालबालिका हुनुपर्नेछ।

(ख) १८ वर्ष उमेर पूरा भईसकेपछि यस क्लबको सदस्यबाट स्वतः हटनेछन् र सल्लाहकारको रुपमा कार्य गर्न सक्नेछ ।

(ग) समुदायका तोकिएका सेवा क्षेत्रका सम्पूर्ण बालबालिका क्लबको साधारण सदस्य बन्न सक्नेछन् ।

(घ) प्रत्येक सदस्यहरूले क्लबले निर्दिष्ट गरेका आचरणहरू पूरा गर्नुपर्नेछ । क्लबले आचरण सम्बन्धी कारवाही नगरेको अवधिसम्म यस क्लबको सदस्य बनिरहन सकिनेछ ।

## परिच्छेद-३

## साधारणसभा तथा कार्यसमिति

**६. बैठकसम्बन्धी व्यवस्था :**

६.१ कार्यसमितिको बैठक कम्तीमा वर्षको १२ पटक (मासिक एक पटक) र साधारणसभा वर्षको १ पटक बस्नेछ ।

६.२ २५ प्रतिशत सदस्यहरूले साधारण सभा बोलाई पाऊँ भनी क्लबका अध्यक्षसमक्ष निवेदन गरेमा अध्यक्षले विशेष साधारण सभा बोलाउन सक्नेछ ।

६.३ साधारणसभाका लागि ७ दिन अगावै साधारणसभा हुने स्थान, समय, मिति र छलफलका बुँदाहरू सहित सम्पूर्ण सदस्यलाई उपस्थितिको लागि सूचना दिनुपर्नेछ ।

**७. कार्यसमिति गठन विधि र पदावधि :**

७.१ साधारण सभाले प्रत्येक १ वर्षमा प्रजातान्त्रिक प्रणालीबाट आफ्ना सदस्यहरूमध्येबाट अध्यक्ष १, उपाध्यक्ष १, सचिव १, सहसचिव १, कोषाध्यक्ष १, र सदस्यहरू सहित घटिमा ७ र बढीमा २५ जनासम्मको कार्यसमिति गठन गर्नेछ ।

७.२ यसरी गठन भएको कार्यसमितिको पदावधि एक वर्षको हुनेछ ।

**८. साधारणसभाको काम, कर्तव्य र अधिकार :**

८.१ सभाको अध्यक्षता गर्ने व्यक्तिले प्रस्तुत गरेका सूचीमा समावेश भएका विषयहरूमा छलफल गरी निर्णय गर्ने ।

८.२ क्लबको गतिविधि समीक्षा गरी आवश्यक नीति निर्देशन तयार गर्ने ।

८.३ क्लबको लेखा परीक्षण समुदायमा रहेका शिक्षकहरूमध्येबाट गराई सो को प्रतिवेदन तयार गर्ने ।

८.४ वार्षिक कार्यक्रम र कार्ययोजना तयार गरी स्वीकृत गर्ने ।

८.५ विधान संसोधन गर्नुपर्ने भए सो कुरा उल्लेख गरी स्थानीय वडा समितिको सिफारिसका साथ नगरपालिकामा पेस गरी संसोधन गर्ने ।

८.६ अन्य तोकिएका कार्यहरू गर्ने ।

## परिच्छेद-४
## कार्यसमितिका पदाधिकारीहरूको काम, कर्तव्य र अधिकार

### ९. पदाधिकारीको काम, कर्तव्य र अधिकार :

**९.१ अध्यक्ष**

(क) संस्थाको हितको लागि गर्नुपर्ने कर्तव्यको प्रमुख दायित्व बहन गर्ने ।

(ख) संस्थाको निर्णयहरू कार्यान्वयन गर्ने र गर्न लगाउने ।

(ग) संस्थाको उद्देश्य पूरा गर्न अन्य आवश्यक काम गर्ने ।

(घ) मत बराबर भएमा निर्णायक मत दिने ।

(ङ) समुदाय, विद्यालय, जिल्लाका अन्य सहयोगी संस्थाहरू बीच समन्वयकर्ताको भूमिका निर्वाह गर्ने ।

**९.२ उपाध्यक्ष**

(क) अध्यक्षको अनुपस्थितिमा निजले गरिआएको अधिकारहरू प्रयोग गर्ने ।

(ख) अन्य बखतमा अध्यक्षको सहयोगी भूमिका निर्वाह गर्ने ।

**९.३ सचिव**

(क) बैठक बोलाउने र बैठक निर्णय अभिलेख राख्ने ।

(ख) बैठकमा राखिने विषयहरूमा अग्रिम जानकारी सबैलाई पुऱ्याउने ।

(ग) क्लबमा प्राप्त भएका सूचनाहरू क्लबका अन्य पदाधिकारीहरूलाई जानकारी गराउने ।

(घ) वार्षिक प्रतिवेदन तयारी गर्ने । पत्राचार गर्ने ।

**९.४ सहसचिव**

(क) सचिव अनुपस्थित भएको खण्डमा सचिवले गर्ने सबै कामहरू गर्ने

(ख) अध्यक्षले तोकेका अन्य कामहरू गर्ने ।

**९.५ कोषाध्यक्ष**

(क) संस्थाको सम्पूर्ण नगदी, जिन्सीहरूको जिम्मा लिने र त्यस सम्बन्धी श्रेस्ताहरू अद्यावधिक राख्ने ।

(ख) संस्थाको आय व्ययको विवरण कार्यसमितिमा र साधारण सभामा पेश गर्ने ।

(ग) आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्रमा प्रधानाध्यापकको अनुमतिले शिक्षकबाट लेखा परीक्षण गराउने ।

**९.६ सदस्य**

(क) संस्थाको बैठकमा नियमित उपस्थित हुने ।

(ख) संस्थाको हितको लागि सबै लागि पर्ने ।

(ग) बैठकमा उपस्थित भई आफ्नो अभिव्यक्ति प्रस्तुत गर्ने ।

(घ) कार्यसमितिले निर्णय गरे अनुसारको जिम्मेवारी बहन गर्ने ।

## परिच्छेद-५
## आर्थिक व्यवस्था

### १०. आर्थिक स्रोत :

आर्थिक स्रोत निम्न अनुसार रहने छ :

(क) साधारण सदस्यता वापतको वार्षिक सदस्यता शुल्क ।

(ख) नगरपालिका र अन्य सरोकारवाला निकायबाट प्राप्त रकम ।

(ग) क्लबको प्रगतिका लागि अन्य ईच्छुक अभिभावक, चन्दादाताहरूबाट प्राप्त सहयोग रकम ।

(घ) विदेशी दातृ संस्थाबाट प्राप्त सहयोग नगद जिन्सी

(ङ) देउसी भैलो कार्यक्रमबाट प्राप्त नगद जिन्सी

(च) क्लबका प्रकाशनहरू बेचविखनबाट प्राप्त रकम ।

(छ) प्रशिक्षक वा सहभागी भई क्लबका पदाधिकारीहरूले अन्यत्र काम गरी प्राप्त गरेको रकमको कार्यसमितिले निर्णय गरेको निश्चित प्रतिशत रकम ।

(ज) अन्य विभिन्न स्रोतबाट प्राप्त रकम ।

**११. कोष**

११.१ कोषको रकम बालसंरक्षण समिति वा संरक्षकको जिम्मामा रकम रहनेछ र सो को हिसाब किताब बालक्लबले राख्नेछ ।

## परिच्छेद-६
## विविध

**१२. विधान संशोधन :**

यस विधानमा उल्लेखित दफा तथा उपदफाहरू संशोधन गर्नुपर्ने भएमा साधारण सभाको दुई तिहाई बहुमतबाट संशोधन गर्न सकिनेछ । तर संशोधन भएको उक्त विधान नगरपालिकामा सूचीकृत भएको मितिदेखि लागू हुनेछ ।

**१३. क्लबको विघटन :**

कुनै कारणवस क्लब सञ्चालन हुन नसकी क्लबको विधानबमोजिम सम्पूर्ण सदस्यहरूमध्ये दुई तिहाई बहुमतबाट पारित गरी पठाएको क्लब विघटनसम्बन्धी निर्णय वडाको सिफारिसमा नगरपालिकाले स्वीकृति दिएमा क्लबको विधिवत् विघटन भएको मानिनेछ । सो अवस्थामा क्लबको सम्पूर्ण चल अचल सम्पतिहरू नगरपालिकाको हुनेछ ।

**१४. निस्क्रियता :**

यस विधानमा लेखिएका कुराहरू प्रचलित कानूनसँग बाझिएमा बाझिएको हदसम्म स्वतः निस्कृय हुनेछन् ।

बालक्लब दर्ता गर्दाका अवस्थामा रहेका कार्यसमिति सदस्यहरू र हस्ताक्षर :

| क्र.सं. | नामथर | उमेर | पद | हस्ताक्षर |
|---|---|---|---|---|
| १ | | | अध्यक्ष | |
| २ | | | उपाध्यक्ष | |
| ३ | | | सचिव | |
| ४ | | | कोषाध्यक्ष | |
| ५ | | | सहसचिव | |
| ६ | | | सदस्य | |
| ७ | | | सदस्य | |
| ८ | | | सदस्य | |
| ९ | | | सदस्य | |
| १० | | | सदस्य | |
| ११ | | | सदस्य | |

| | | | | |
|---|---|---|---|---|
| १२ | | | सदस्य | |
| १३ | | | सदस्य | |
| १४ | | | सदस्य | |
| १५ | | | सदस्य | |
| १६ | | | सदस्य | |
| १७ | | | सदस्य | |
| १८ | | | सदस्य | |
| १९ | | | सदस्य | |
| २० | | | सदस्य | |
| २१ | | | सदस्य | |
| २२ | | | सदस्य | |

**अनुसूची-क**
**क्लबको लोगो**

वरिपरि बालक्लबको नाम, ठेगाना र स्थापना मिति तथा बीचमा रुखको छहारीमुनि गोलो आकृतिमा बसेका आठ जना बालबालिकाको चित्र अङ्कित लोगो

# अनुसूची-६

सुन्दरहरैँचा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय,
विराटचौक, मोरङ
कोशी प्रदेश, नेपाल

## बाल क्लब सूचीकृत दर्ता किताब

| क्र.सं. | बाल क्लबको नाम | ठेगाना | बाल क्लबमा सदस्य संख्या | | संरक्षकको नाम | स्थापना मिति | सूचीकृत नं. र मिति | सम्पर्क नं. | प्रमाणित गर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | बालक | बालिका | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |

सुन्दरहरैँचा नगरपालिकाको राजपत्र

# अनुसूची-७

सुन्दरहरैँचा नगरपालिका
कोशी प्रदेश, नेपाल

## बाल क्लब नवीकरण किताब

| क्र. सं. | बाल क्लबको नाम | ठेगाना | बाल क्लबमा सदस्य संख्या | | संरक्षक को नाम | स्थापना मिति | सूचीकृत नं. र मिति | नवीकरण मिति | सम्पर्क नं. | प्रमाणित गर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | बालक | बालिका | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |

सुन्दरहरैँचा नगरपालिकाको राजपत्र